जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २३ • अंक १८५ • २०७७ साल मंसिर १५ गते सोमवार (30 November, Monday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-



## ६ बर्षीया छोरीलाई बलात्कार गर्ने बुवा पक्राउ

**अजमल मिकरानी**

मलगंवा। आफ्नै ६ वर्षीया छोरीलाई पटकपटक बलात्कार गरेको आरोपमा सर्लाहीको हरिपुरबाट एक व्यक्ति पक्राउ परेका छन्।

इलाका प्रहरी कार्यालय हरिपुरबाट खटिएको प्रहरी टोलीले आइतबार भारतको मुजफ्फरपुर घरभई हाल हरिपुर न.पा वडा न.६ स्थित ससुराली घर बस्दै आएका एक भारतीय पुरुष पक्राउ परेका हुन्।

दुई छोरा र एक छोरी गरी ३ सन्तान मध्येकी पीडित बालिका माहिली छोरी हुन्।श्रीमती सहित परिवारका सबै सदस्य ईट्टा भट्टामा मजदुरी गर्दै आएका छन्। ईट्टा भट्टाको सानो झुपडीमा बस्दै आएको उनी छोरी लैला खातुन(परिवर्तित नाम)लाई राती सुतेको बेला उठाइ झुपडि भन्दा बाहिर लगी करणी गर्ने प्रयास गरेको र मुखमा विर्य स्खलन गरेको भनी छोरीले बताउँदा उनकी आमाले पतिलाई अब आइन्दा यस्तो नगर्न भनी सम्झाइ बुझाई गरि एकपटकको लागि छाडेको थिए।

तर पुनः मंसिर १२ गते राती सुतेको बेला छोरीलाई उठाइ झुपडीको उत्तर पट्किो कुनामा लगि करणी गर्ने प्रयास गरि मुखमा वीर्य स्खलन गरेको कुरा पीडितले आमालाई बताएपछि पति उपर आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालयमा निवेदन दिएको जिल्ला प्रहरी कार्यालय मलंगवाले जनाएको छ।

पिडक बाबुलाई पक्राउ गरि पीडित छोरी सँगै जिल्ला अस्पताल मलंगवामा स्वास्थ्य परिक्षण गराई आइतबार जबर्जस्ती करणी कसुर अन्तर्गत जिल्ला अदालत सर्लाहीबाट ५ दिनको म्याद थप गराइ अनुसंधान अगाडी बढाएको जिप्रका सर्लाहीले जानकारी दिए।

# संघीय सरकारले प्रदेशलाई पंगु बनाउन खोजेको छः अध्यक्ष ठाकुर



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले संघ सरकारले प्रदेश सरकारलाई पंगु बनाउन खोजेको आरोप लगाएका छन्।

महोत्तरीको बनौलीस्थित विद्यापती डिह लक्ष्मीसागर पोखरीको सौन्दर्यीकरण शिलान्यास समारोहमा भर्चुअल माध्यमबाट बोल्दै अध्यक्ष ठाकुरले प्रदेश सरकार गठन गरिएपनि सम्पुर्ण अधिकार संघ सरकारकै निहितमा राखेको तथा प्रदेश सरकारलाई वेकम्मा बनाई संघियता नै धरापमा पार्ने षडयन्त्र गरेको आरोप लगाए।

बहुमतको दम्भमा रहेको संघ सरकार अहिले पनि स्थिर छैन, उनले भने-'बहुमतको सरकार रहेपनि जनताले पाउनुपर्ने उपलव्धी पाउन सकेको छैन।' उनले कोरोना संक्रमणका कारण वन्द गरिएको सीमा सहजता भइसकेको अवस्थामा खोल्नुपर्ने बताए। सीमावर्ती क्षेत्रमा बस्नेको भाषा भेष केन्द्र जस्तै नभएको कारण सीमालाई जवरजस्ती बन्द गरिएको बताउदै उनले तत्काल खोल्नुपर्ने माग गरे।

कार्यक्रममा प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले विद्यापती डीह पोखरीको सौन्दर्यीकरण भएपछि बनौली गाउँ पर्यटकीय क्षेत्रको रुपमा विकास हुने विश्वास व्यक्त गरे । उनले यो क्षेत्र प्रदेशको राजधानीको नजिकै रहेकोले सडक सुधारका लागि सम्वन्धि मन्त्रीलाई पहल गर्नको लागि आग्रह गर्दै विद्यापतीको संग्रहालय बनाउनमा प्रदेश सरकारले मद्दत गर्ने प्रतिवद्धता जनाए।

मिथिला र मैथिली भाषामा योगदान दिएका विद्यापतीको स्मृति दिवस प्रदेशको सबै जिल्लामा मनाउनका लागि पहल थालिने उनले थपे । उनले शिलान्यास गरिएको पोखरीको सौन्दर्यीकरण दुई वर्ष भित्रै सम्पन्न गरिने र यसमा प्रदेश सरकारले निरन्तर चासो लिने प्रतिवद्धता जनाए। मुलुककै ठुलो मन्दिरको रुपमा रहेको जानकी मन्दिरलाई सौन्दर्यीकरणको कार्य शुरु गरिएको र देशकै सबैभन्दा पर्यटकीय स्थलका साथै धार्मिक क्षेत्रको रुपमा विकास गर्ने प्रदेश सरकारको लक्ष्य रहेको उनले बताए।

विद्यापती डिह लक्ष्मीसागर पोखरीको सौन्दर्यीकरणका लागि ८ करोडमा ठेक्का लागेको छ भने दुई वर्ष भित्र सौन्दर्यीकरण गर्नुपर्ने समयसीमा तोकिएको छ । सो अवसरमा प्रदेश सरकारका राज्यमन्त्री, प्रदेश सांसद लगायत नेताहरुको उपस्थिति रहेको थियो।

## थप एक हजार २ सय ५५ जनामा कोरोना पुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । थप एक हजार २ सय ५५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

योसँगै नेपालमा कोरोना भाइरसबाट सङ्क्रमितको संख्या दुई लाख ३१ हजार ९ सय ७८ पुगेको छ। पछिल्लो २४ घण्टामा आठ हजार आठ जनाको पीसीआर परीक्षण गरिएको थियो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार हालसम्म दुई लाख १२ हजार ५९० जना कोरोना भाइरसबाट मुक्त भई घर फर्किएका छन्।

पछिल्लो २४ घण्टामा देशभर एक हजार ४०४ सङ्क्रमित निको भएर घर फर्किएका छन् । हाल देशभर १७ हजार ९०९ सक्रिय सङ्क्रमित रहेका छन्।

**कोरोनाबाट थप २५ जनाको मृत्यु**

नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट थप २४ जनाको मृत्यु भएको छ। योसँगै नेपालमा कोरोना भाइरसको सङ्क्रमणबाट मर्नेको संख्या एक हजार ४७९ पुगेको मन्त्रालयले जनाएको छ। शनिबार १९ कोरोना सङ्क्रमितको मृत्यु भएको थियो।

SEE/SLC पछि
Dental Science मा

पूनः प्रवेश परिक्षाको लागि फाराम खुल्ला गरिएको छ।
भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा

CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७७/०७८ मा Certificate in Dental Science (Dental Hygienist) ३ वर्षे कोर्षमा भर्ना खुल्यो।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोकसेवा आयोगको परीक्षामा सामेल हुन पाइने।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल सञ्चालन वा काम गर्न सकिने।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका साथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
४. स्वदेश तथा विदेशमा उच्च शिक्षा अध्ययन गर्न पाइनुका साथै रोजगारीका पर्याप्त अवसरहरू।

फाराम भर्ने अन्तिम मिति २०७७ मंसिर १५ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 9, Dhanusha
(Near Nepal Khanepani Sansthan)
Contact No. : - 9844022464, 9817686279, 9804871851

NOVEL CORONA VIRUS (COVID-19)
सर्वसाधारणको लागि जनचेतनामुलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू
ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?
नियमित रूपमा साबुन-पानीले हात धुने।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने।

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रूघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरून्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

कोरोना भाइरस छिट्टै सम्पर्क हुने स्थानहरु
१. सिनेमाहल
२. अस्पताल
३. विद्यालय, कलेज
४. सपिङ मल
५. सार्वजनिक यातायात
६. वृद्धाश्रम
७. व्यवस्त गल्ली
८. सभा, जुलुस भएको स्थान
९. होटेल रेष्टुराँ
१०. तरकारी तथा मासु बेच्ने ठुला ठाउँहरु आदी।

काम नपरे सम्म यस्ता स्थानहरुमाा नजाऔं, जान परेमा माक्स हेण्ड स्यानीटाइजर आदिको प्रयोग गरौं, घर फर्के पछि घर बाहिर वा अलग कोठामाा कपडा फेरेर तथा साबुन पानीले हात धोएर मात्र भान्सा, बैठक कोठामा जाने गरौं।

कसरी सर्छ कोरोना भाइरस
१. खोक्दा, हाछ्यु गर्दा निस्कने र्‍याल, थुक तथा सिंगानबाट।
२. फोहोर हातको सम्पर्कबाट।
३. राम्रोसंग नपाकेको माछा तथा पशुपंक्षीहरुको मासुबाट।
४. कोरोना भाइरसबाट प्रभावित व्यक्तिको संसर्गबाट।

नोबेल कोरोना भाइरस मानव जातिमा पहिलो पटक चीनको हुवान प्रान्तमा ३१ डिसेम्बर २०१९ मा पहिचान भएको हो। यस भाइरसले सामान्य रुघाखोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वासको संक्रमण गराई मानिसको मृत्यु गराउन सक्छ। नेपाल यो रोग संक्रमणको उच्च जोखिममा रहेको हुँदा रोग फैलन नदिन व्यक्तिगत तवरमा सुरक्षाका उपायहरु अवलम्बन गर्न आम जनसमुदायहरुमा हार्दिक अनुरोध गर्दछौं।

बटेश्वर गाउँपालिका
बटेश्वर, धनुषा, प्रदेश नं. २

Vacancy Announcement

Gurukul Sikshya Niketan Residential School, Shahidnagar announces the vacancy for the following posts:

We Need You !

| | Post | Qualification | NO. | Remarks |
|---|---|---|---|---|
| 1. | Principal | Master in English minimum (Edu/Arts) | 1 | Experienced Preferred |
| 2. | V. Principal | Master in English minimum (Edu/Arts) | 1 | Experienced Preferred |
| 3. | Grade Teachers (Female) | Bachelor in any stream | 5 | Experienced Preferred |
| 4. | Grade Teachers (Male) | Bachelor in any stream | 2 | Experienced Preferred |
| 5. | IT Expert | Bachelor in Information and Technology | 1 | Experienced Preferred |
| 6. | Accountants | Bachelor in Management | 1 | Experienced Preferred |
| 7. | Receptionist | At least +2 in any stream | 1 | Experienced Preferred |
| 8. | Hostel In charge | Bachelor in any stream | 1 | Experienced Preferred |
| 9. | Sports Teacher | | 1 | Experienced Preferred |
| 10. | Security Guard | S.L.C/ SEE | 2 | Experienced Preferred |
| 11. | Bus Driver | With Bus License | 2 | Experienced Preferred |
| 12. | Canteen Administrator | | 1 | Experienced Preferred |

**Application Last Submission Date:** Mansir 19th, 2077
**Interview Date:** Mansir 23th, 2077 from 11:00 AM
**Salary:** On Demand (Attractive)
**Facilities:** Food and Accommodation (Extra)

Note: The prime aim of this school is to provide the quality education in minimum fees. We provide quality education to full fill our social responsibility towards our society. Therefore, we are searching experienced and dynamic teachers team.

One can submit their application through online:
gurukul.snschool@gmail.com Apply at : "shorturl.at/dhkCL"

"Education for Society"
GURUKUL SHIKSHYA
Niketan Residential School
Shahidnagar-6, (Jhanda Chowk)
Dhanusha
9851193315 | 9807697304

# सौराहामा पर्यटक भित्र्याउन अभियान चलाइने

चितवन । कोरोनाका कारण भएको बन्दाबन्दीले थला परेको सौराहाको पर्यटनलाई उठाउन 'घुमौँ सौराहा' अभियान चलाइने भएको छ । जिल्ला समन्वय समिति चितवन, रत्ननगर नगरपालिका र क्षेत्रीय होटल सङ्घ सौराहाको संयुक्त पहलमा अभियान चलाउन लागिएको हो । यसका लागि व्यवसायी अन्तिम तयारीमा जुटेका छन् । नेपालको सातवटै प्रदेशमा पुगेर 'सौराहा सुरक्षित छ' भन्ने सन्देश प्रवाह गर्ने योजना बनाइएको छ ।

पर्यटन दिवसको दिनदेखि लामो समयदेखि बन्द रहेका यहाँ होटल तथा रेष्टुरेण्ट खुलेका थिए । क्षेत्रीय होटल सङ्घ सौराहाका अध्यक्ष दीपक भट्टराईले दशैँअघि नै यो अभियान चलाउन छलफल भए पनि कोरोनाका कारण स्थगित गरिएको बताउनुभयो ।

उहाँका अनुसार देशका विभिन्न शहरमा सौराहा आउन निमन्त्रणा दिने गरी यहाँका पर्यटकीय गतिविधिसहितको दृश्य देखाइने छ । कोरोनाका कारण सुनसान रहेको यहाँ आन्तरिक पर्यटक भने आउने क्रम भने छिटफुट देखिन थालेको छ । "दशैँ तिहारमा ठूलो अपेक्षा थियो तर पर्यटक आएनन् । स्वास्थ्य मापदण्ड पूर्ण पालना गरेर पर्यटकलाई सुरक्षित साथ राखिरहेका छौँ तर आवागमन कम छ", भट्टराईले भन्नुभयो ।

यो समय सौराहाका होटलमा खचाखच पर्यटक हुन्थे । व्यवसायीलाई पर्यटकको स्वागतदेखि निकुञ्ज घुमाउन भ्याइनभ्याई हुन्थ्यो । होटल तथा रेष्टुरेण्टले कोभिड प्याकेजअन्तर्गत २५ देखि ३० प्रतिशतसम्म छुट भने दिइरहेका छन् । भट्टराईले पाँच देखि सात प्रतिशत मात्रै पर्यटक आएको जानकारी दिनुभयो । कोभिड-१९ र त्यसपछिको लकडाउनले रोजगार गुम्यो । व्यापार व्यवसाय ठप्प भए । त्यसैले नेपालीको क्रयशक्तिमा कमी आयो कि भनेर पर्यटन व्यवसायीले पनि साविकको दरमा २० देखि ३० प्रतिशत छुट दिइरहेका छन् । सामूहिकभन्दा व्यक्तिगत छुट प्याकेज गर्ने र त्यसबाट पर्यटक बढे सामूहिक कार्यक्रम ल्याउने सल्लाह भएको भट्टराइको भनाइ छ तर पनि छुटमा पर्यटक आकर्षित नभएको व्यवसायीको गुनासो छ ।

होटलभन्दा रेष्टुरेन्टमा पर्यटक केही धेरै छन् । रेष्टुरेण्ट एण्ड बार एशोसियशन नेपाल सौराहाका अध्यक्ष दीपेन्द्र खतिवडाले अन्तर जिल्लाका पर्यटकको आवागमन रहेको र करिब ३० प्रतिशत पर्यटक रेष्टुरेण्टमा आउने बताउनुभयो ।

यद्यपि जुन अपेक्षा गरेर १५ प्रतिशतसम्म छुट दिइएको छ त्यो अनुरुप पर्यटक आएका छैनन् । छुटसहितका प्याकेज दिँदा पनि आन्तरिक पर्यटक आकर्षित नभएको भन्दै सरकारले चाँडै अन्तर्राष्ट्रिय हवाई उडान खोल्नुपर्नेमा व्यवसायीको माग छ । सौराहामा ठूला साना १४० वटा होटल छन् भने करिब ५० वटा रेष्टुरेण्ट सञ्चालनमा रहेका छन् ।रासस

# चीनद्वारा पाँच करोड युआन बराबरको अतिरिक्त सैन्य सहयोगको घोषणा

काठमाण्डु । चीनले नेपाली सेनासँगको सहकार्य र साझेदारीलाई थप सुदृढ तुल्याउन पाँच करोड युआन बराबरको सैन्य सहयोग उपलब्ध गराउने घोषणा गरेको छ । नेपाली सेनाको क्षमता अभिवृद्धि, उसलाई आवश्यक पर्ने प्रतिरक्षा सामग्री तथा कोभिड-१९ महामारीविरुद्धको प्रतिकार्यका निम्ति उक्त रकम प्रदान गर्ने घोषणा गरेको हो ।

चीनको राज्यपरिषद् सदस्य तथा रक्षामन्त्री वेइ फेङ्हे नेतृत्वको प्रतिनिधिमण्डल र प्रधानसेनापति पूर्णचन्द्र थापा नेतृत्वको प्रमण्डलबीच जङ्गी अड्डामा आइतवार अपराह्न भएको द्विपक्षीय वार्तामा दुवै देशका सेनाबीचको विद्यमान सौहार्द्रपूर्ण मित्रवत् सम्बन्धलाई सुमधुर, मजबुत एवं अझ विस्तार गर्न अतिरिक्त सहयोग स्वरुप उक्त रकम बराबरको सैन्य सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त भएको रक्षा मन्त्रालयका एक उच्च अधिकारीले राससलाई बताए ।

'यसअघि चीनले १५ करोड युआन बराबरको सैन्य सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाउँदै तदनुरुप गर्दै आएको छ, कोभिड-१९ का कारण रोकिएका सैन्य सहयोगको 'प्याकेज'ले अब निरन्तरता पाउनेछ', विगतमा भएका द्विपक्षीय सहमति र सैन्य सहायता कार्यान्वयन तथा रोकिएका तालीम एवं शिक्षार्थी आदानप्रदानका कार्यक्रम पुनः सञ्चालन गर्न चीनले सरकारात्मक जवाफ दिएको जानकारी दिँदै ती अधिकारीले भने ।

आठघण्टाको व्यस्त कार्यतालिका पूरा गरेर इस्लामावाद प्रस्थान गर्नुअघि गृहमन्त्री रामबहादुर थापालाई आफ्नो भ्रमणबारे 'ब्रिफिङ' गर्दै रक्षामन्त्री वेइले प्रशन्न मुद्रामा भन्नुभयो, "म र मेरो प्रतिनिधिमण्डललाई प्रदान गर्नुभएको आतिथ्यताबाट म र मेरो प्रतिनिधिमण्डल ज्यादै प्रभावित भएको छ ।



हाम्रो द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ एवं उन्नत तुल्याउन मेरो भ्रमण सफल एवं सार्थक रह्यो ।'

नेपालको विकास प्रक्रियामा हरसम्भव सहयोग गर्न तथा सहयोगका दायरालाई थप विस्तार गर्न चीन प्रतिबद्ध रहेको बताउँदै उहाँले विकासका प्रशस्त सम्भावना भएको नेपाललाई निकटको असल छिमेकीका नाताले सघाउन चीन तत्पर रहेको दोहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, "विकास निर्माणका काममा सहकार्य र साझेदारी गरौँ ।' चिनियाँ विशिष्ट अतिथिले गृहमन्त्री थापालगायत नेपालका उच्च राजनीतिक नेतृत्वलाई बेइजिङमा स्वागत गर्न चीन सरकार आतुर रहेको बताउँदै उपयुक्त समयमा चीनको भ्रमण गर्न मन्त्री थापालाई आग्रह गर्नुभयो ।

आफूले राष्ट्रपति विद्यादेवी भण्डारी, रक्षा मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएको प्रधानमन्त्री केपी शर्मा ओलीसँग बेग्लाबेग्लै भेटवार्ता गरेको र त्यसबाट आफू पूर्ण सन्तुष्ट रहेको बताउनुभयो । मन्त्री थापाले नेपाली सेनालाई अझ सबल एवं सुदृढ बनाउन थप सैन्य सहयोग प्रदान गर्ने चीन सरकारको निर्णयको स्वागत गर्दै हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।

यसैबीच परराष्ट्र मन्त्रालयले राष्ट्रपति भण्डारी, प्रधानमन्त्री ओलीबीच भएका भेटवार्तामा नेपाल चीन सम्बन्धका विविध विषयमा विचारविमर्श भएको र परम्परागत द्विपक्षीय सम्बन्धका बारेमा विचार आदानप्रदान भएको बताएको छ । दुवै भेटमा आपसी हित र चासोका विषयका साथै दुई देशबीचको सम्बन्धलाई प्रवर्द्धन गर्ने बारेमा पनि छलफल भएको थियो ।

चिनियाँ रक्षामन्त्रीले आफ्नो मुलुकको सहयोगमा नेपालमा सञ्चालित विकास निर्माणका आयोजनालाई द्रुत गतिमा कार्यान्वयन गर्न चीन प्रतिबद्ध रहेको बताउँदै सम्बन्धित निकायहरुबाट आवश्यक सहयोग एवं सहजीकरणको अपेक्षा आफूले गरेको बताउनुभएको थियो ।

प्रधानमन्त्री ओलीले नेपाल र चीनबीच शताब्दीऔँदेखि रहेको गहिरो हार्दिक मैत्रीको विशिष्टता दर्शाउँदै नेपालले एक चीन नीतिलाई निरन्तर अक्षुण्ण राखेको तथा चीनले नेपालको सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राजनीतिक स्वतन्त्रताको सम्मान गरेकामा कृतज्ञता व्यक्त गर्नुभएको थियो ।

विकास र समृद्धिका लागि चिरस्थायी मैत्री दर्शाउने चीन-नेपाल रणनीतिक साझेदारीयुक्त सहयोगमा रचनात्मक योगदान गर्न तथा आपसी सहयोग एवं सम्पर्क विस्तारका साथै दुवै देशको उच्च नेतृत्वबीच भएका महत्वपूर्ण सहमति-समझदारीको कार्यान्वयनका निम्ति नेपालसँग सहकार्य गर्ने अभिलाषा पनि उहाँले व्यक्त गर्नुभयो । गत असोजमा चिनियाँ राष्ट्रपतिबाट भएको नेपालको ऐतिहासिक राजकीय भ्रमण र सन् २०१६ र २०१८ मा प्रधानमन्त्री ओलीबाट भएको चीनको भ्रमणका बेला भएका सम्झौता कार्यान्वयन गर्ने प्रतिबद्धता पनि भेटवार्तामा भएको थियो ।

चीन-नेपाल सम्बन्धलाई अग्रगामी तुल्याउन, दुवै देशका जनतालाई विकासका बृहत् प्रतिफलबाट लाभान्वित बनाउन र यस क्षेत्रको विकास एवं स्थायित्वका निम्ति रचनात्मक योगदान गर्दै नेपालसँग सहकार्य गर्न आफू तत्पर रहेको सन्देश मन्त्री वेइले दिनुभएको छ ।

आइतवारै बिहान रक्षामन्त्री वेइले विमानस्थलमा मन्त्री थापासँगको सङ्क्षिप्त वार्तालापमा नेपालका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखका तहमा भएका द्विपक्षीय समझदारी कार्यान्वयनका सिलसिलामा आफू नेपालको छोटो भ्रमणमा आएको बताउनुभएको थियो । साथै उहाँले पारस्परिक सैन्य सहयोग अभिवृद्धि गर्दै दुई देशबीचको विद्यमान सम्बन्धलाई थप सुदृढ तुल्याउनु आफ्नो भ्रमणको उद्देश्य भएको स्पष्ट गर्नुभएको थियो । उहाँको यही भनाइलाई आइतवार थप पाँच करोड युआन प्रदान गर्ने घोषणाले पुष्टि गरेको छ । रक्षामन्त्री वेइलाई गृहमन्त्री थापा, रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डे, नेपाली सेनाका रथी प्रभुराम शर्मा, नेपालका लागि चीनका राजदूत हउ यान्छी, परराष्ट्र मन्त्रालयका सहसचिव कालिप्रसाद पोखरेललगायतले बिदाइ गर्नुभएको थियो ।रासस

# महासङ्घको वरिष्ठ उपाध्यक्षमा ढकाल विजयी

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घको वरिष्ठ उपाध्यक्षमा व्यवसायी चन्द्रप्रसाद ढकाल निर्वाचित हुनुभएको छ । आइतवार बिहान सम्पन्न मतगणनामा ढकालले आफ्ना प्रतिद्वन्द्वी किशोर प्रधानलाई पराजित गर्नुभएको हो । महासङ्घको नयाँ नेतृत्वका लागि निर्वाचन भएको थियो ।

महासङ्घको निर्वाचन समितिका अनुसार विजयी हुनुभएका ढकालले ३० प्रतिशत मत भार रहेको एशोसिएटमा ५२२ मत प्राप्त गर्दा प्रधानले ३७५ मत पाउनुभएको थियो । यस्तै २० प्रतिशत मत भार रहेको वस्तुगतमा ढकालले ५९ मत र प्रधानले ३९ मत प्राप्त गर्नुभयो । त्यसैगरी ५० प्रतिशत मतभार रहेको जिल्ला/नगरतर्फ ढकालले ५२ मत तथा प्रधानले ५३ मत प्राप्त गर्नुभयो ।

निर्वाचन समितिका अनुसार वरिष्ठ उपाध्यक्षमा विजयी ढकालले समग्रमा ५४.२६ प्रतिशत मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी प्रधानले ४५.७४ प्रतिशत मत प्राप्त गर्नुभयो । यो विजयसँगै ढकाल निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घको २०औँ अध्यक्ष बन्ने निश्चित भएको छ । महासङ्घको विधानअनुसार वरिष्ठ उपाध्यक्ष नै आगामी कार्यकालको अध्यक्ष बन्ने व्यवस्था छ । सोही विधानअनुसार हालका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले अध्यक्षको जिम्मेवारी सम्हाल्दै हुनुहुन्छ ।

वरिष्ठ उपाध्यक्षसहित अन्य पदका लागि ढकाल र प्रधान समूहले प्यानल नै बनाएर उम्मेदवारी दिनुभएको थियो । त्यसमा वस्तुगततर्फको उपाध्यक्षमा अञ्जन श्रेष्ठ, जिल्ला नगरतर्फ दिनेश श्रेष्ठ विजयी हुनुभयो । उहाँहरु दुवै जना प्रधान समूहबाट निर्वाचनमा भाग लिनु भएको थियो ।

वस्तुगततर्फ विजयी हुनुभएका अञ्जन श्रेष्ठले ६२ मत प्राप्त गर्दा उहाँका प्रतिस्पर्धी उमेशलाल प्रधानले ३७ मत पाउनुभयो । जिल्ला नगरतर्फका उपाध्यक्ष दिनेश श्रेष्ठले ५८ मत प्राप्त गरी विजयी हुँदा ढकाल समूहका गुणनिधि तिवारीले ४७ मत प्राप्त गर्नुभयो । यस्तै एसोसिएट्सतर्फ ढकाल समूहका रामचन्द्र संघाई विजयी हुनुभएको छ । संघाईले ४५५ मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी सौरभ ज्योतीले ४३४ मत प्राप्त गर्नुभयो । महासङ्घको जिल्ला नगरतर्फको कार्यकारिणी सदस्यमा राजन श्रेष्ठ, तारानाथ अधिकारी, कमलकुमार श्रेष्ठ, चक्रबहादुर अधिकारी, अरुनराज सुमार्गी, देवकुमार श्रेष्ठ, रामेश्वर मानन्धर, शोभाकान्त पौडेल, सुरकृष्ण वैद्य, गजेन्द्र भगत, कुविर कुमार श्रेष्ठ, कमानबहादुर खड्का विजयी हुनुभएको छ । यस्तै, गोपाल केडिया, महेन्द्रकुमार श्रेष्ठ, कमलकुमार श्रेष्ठ, उमेश डालमालिया, किशोरकुमार आचार्य विजयी हुनुभएको छ ।

मतपरिणाम सार्वजनिक भएपछि पत्रकारलाई संक्षिप्त प्रतिक्रिया दिँदै ढकालले अब महासङ्घलाई बलियो र सबल संस्थाको रूपमा अगाडि लैजाने प्रतिबद्धता जनाउनुभयो । रासस

# महासभाको विशेष अधिवेशनमा सहभागी हुने प्रतिनिधिमण्डल गठन

काठमाण्डु । मन्त्रिपरिषद्को बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीका नेतृत्वमा संयुक्त राष्ट्रसङ्घीय महासभाको विशेष अधिवेशनमा सहभागी हुन १३ सदस्यीय प्रतिनिधिमण्डल गठन गर्ने निर्णय गरेको छ । यही मङ्सिर ७ र १० गते बसेको मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री पार्वत गुरुङले कोभिड-१९ महामारीसम्बन्धी मङ्सिर १८ र १९ गते हुने विशेष अधिवेशनका लागि प्रतिनिधिमण्डल गठन गर्ने निर्णय गरेको जानकारी दिनुभएको हो ।

बैठकले सरकारले यही मङ्सिर २२ गते हुने वाणिज्य सचिवस्तरीय अन्तर सरकारी समिति र मङ्सिर १८ र १९ गते हुने नेपाल-भारत वाणिज्य सहसचिवस्तरीय अन्तर सरकारी उपसमितिको श्रव्यरदृश्य बैठकमा सहभागिताका लागि वार्ता टोली गठन गर्ने निर्णय गरेको छ ।

सरकारले ऐतिहासिक जनआन्दोलन, सशस्त्र द्वन्द्व र तराई मधेश आन्दोलनका घाइतेको तथ्याङ्क सङ्कलन गरी निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । सरकारका प्रवक्ता गुरुङले सार्वजनिक सूचना जारी गरी ऐतिहासिक आन्दोलनदेखि विभिन्न समयमा भएका आन्दोलनमा घाइते भई उपचार गर्नुपर्ने अवस्थामा रहेका व्यक्तिको तथ्याङ्क सङ्कलन गरी सरकारी अस्पतालमा निःशुल्क उपचार गरिने सरकारले निर्णय गरेको जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड कर्मचारी प्रशानस विनियमावली, २०७७, सामाजिक सुरक्षा कोष लगानी कार्यविधि, २०७७, नेपाल सरकार ९कार्य सम्पादन०छैटौँ संशोधन० नियमावली, २०७७, र नवप्रवर्तन शुरुआती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७ स्वीकृत गरेको छ । बैठकले नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ति)नियमहरू, २०७७ को मस्यौदामा लोकसेवा आयोगको परामर्श माग गर्न स्वीकृति दिएको छ ।रासस

# स्थिरता र स्थायित्व नै समृद्धिको आधार हो : प्रदेश प्रमुख शेरचन

लमजुङ । गण्डकी प्रदेशका प्रमुख अमिक शेरचनले स्थिरता र स्थायित्वले नै देश समृद्ध बन्ने बताउनुभएको छ ।

जिल्लाको बैँसीशहर नगरपालिकाको बैठक कक्षमा आइतवार आयोजना गरिएको भेटघाटमा प्रदेशप्रमुख शेरचनले स्थिरता र स्थायित्वका सबै मिलेर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । प्रमुख शेरचनले भन्नुभयो, "समृद्ध नेपाल राष्ट्रको एजेन्डा पूरा गर्न स्थिरता र स्थायित्व अनिवार्य छ ।' संविधानले विगतभन्दा धेरै अधिकार दिएको उल्लेख गर्दै प्रमुख शेरचनले भन्नुभयो, "जनता पछाडि परेको क्षेत्रलाई माथि उठाउनु जरुरी छ । सरकारले शिक्षा र स्वास्थ्य क्षेत्रमा जोड दिनुपर्छ । नागरिक पछाडि पर्नुको कारणको खोजी गरी उनीहरुको आर्थिक अवस्था उकास्न जरुरी छ ।'

भेटघाटमा प्रतिनिधिसभाका सदस्य यशोदा सुवेदी, संविधानसभा सदस्य जमीन्द्रमान घले, प्रदेशसभा सदस्य मधु अधिकारी, प्रजिअ कृष्णप्रसाद शर्मा, जिल्ला समन्वय समितिका प्रमुख लोकराज पाण्डे, सुन्दरबजार नगरपालिकाका प्रमुख जनकराज मिश्र, राइनास नगरप्रमुख सिंहबहादुर थापा, क्व्होलासोंथर गाउँपालिका अध्यक्ष प्रेमबहादुर घले, मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, दोर्दी गाउँपालिकाका अध्यक्ष ओमबहादुर गुरुङलगायत जिल्लास्थित कार्यालय प्रमुख तथा प्रतिनिधिको सहभागिता थियो ।रासस

# पार्टी एक ढिक्का हुनेमा ढुक्क छु : वरिष्ठ नेता खनाल

इलाम । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का वरिष्ठ नेता झलनाथ खनालले पार्टी एक ढिक्का हुनेमा ढुक्क रहेको बताउनुभएको छ । सूर्योदय नगरपालिकामा नेकपाका कार्यकर्तासँगको भेटमा नेता खनालले पार्टी एक जुट बनाउन आफू लागी पर्ने उल्लेख गर्नुभएको छ । उहाँले पछिल्लो समय नेकपाभित्र अन्तरसङ्घर्ष बढे पनि पार्टी एकताबद्ध बनाउनका लागि भइरहेको छलफलका रूपमा बुझ्न अनुरोध गर्नुभएको छ ।

"पार्टी नै फुट्छ भन्ने हल्ला चलिरहेका छन् तर आन्तरिक समस्या हल गर्नका लागि छलफल मात्र भएको हो' खनालले भन्नुभयो, "अन्तरसङ्घर्षले पार्टीलाई अझ मजबुत बनाउँछ भन्ने बुझ्नुपर्छ ।'

उहाँले पछिल्लो समय पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले सचिवालय बैठकमा प्रस्तुत गरेको प्रतिवेदनसमेत आफूहरू अध्ययनमा रहेको बताउनुभयो । रासस

## तपाईंको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : धन बृद्धि सञ्चय । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भाई-बहिनीको प्रेमको प्रतिक सामा-चकेवा पर्व तराईमा मनाइदै



**रोहित कुमार मण्डल/**
**टुडे समाचारदाता**

**लहान । साम चको साम चको अहिय है ....**
**जोतला खेतमे बैसिय है ....**
**सबरंग पटिया ओछाबिय है.....**
**ओई पटियापर क्या क्या जना.....**

यस्तै कर्ण प्रिय लोक गीत गाउँदै घरघरै टोल-टोल डुलेर नाचगान र एक ठाउंमा जम्मा भई हर्षोउल्लाससंग मनाइने दाजु भाई, दिदी बहिनीको मायाको प्रतिकको रुपमा रहेको पौराणिक लोकपर्व सामा-चकेवा धुमधामका साथ मनाइदै छ।

सांस्कृतिक धरोहरको रुपमा रहेका मिथिलाक्षेत्रमा शताब्दीऔंदेखि शहरी तथा ग्रामीण क्षेत्रका साना केटीदेखि लिएर बृद्ध महिलाहरुसम्म सामा चकेवा पर्व बडो निष्ठापूर्वक मनोरञ्जन गरी मनाउने गर्दछन् । कार्तिक पञ्चमीदेखि कार्तिक शुक्ल पूर्णिमाको दिन अर्थात १५ दिनसम्म मनाउने यो पर्व बहिनीहरुले दाजुभाईको दीर्घायूको लागि कामना गर्दै श्रद्धाको साथ मनाउने गरेको सिरहाको लक्ष्मीपुर पतारीका -६ का कबितादेवी मण्डल बताउंछिन् ।

उनका अनुसार, कांचो माटोबाट बनेको मानव आकृति, पशुपंक्षीको आकृति कांचो रहियो भने यसलाई सामा भनिन्छ र उक्त आकृति भएको मूर्तिलाई आगोमा पकाइयो भने त्यसलाई चकेवा भनिन्नछ। सामा भगवान श्रीकृष्ण र जाम्ववतीकी छोरी थिइन् । सकृन्त पंक्षीको रुपमा बहिनीले भाईको दीर्घायू र कल्याणको लागि यो पूजा गर्दीछिन् । भाई टिकाको दिनदेखि निष्ठापूर्वक यसको आरम्भ हुन्छ । राति राति घरछिमेकीका महिलाहरु एक ठाउंमा जम्मा भई ढक्कीमा सामा-चकेवा लगायत अन्य मूर्तिहरु सजाएर दियोवाली गीत गाउँदै यो पर्व मनाउंन्छ।

पद्मपुराणमा उल्लेख भए अनुसार भगवान श्रीकृष्णको छोरीको नाम सामा थियो र त्यही बृन्दावनमा चक्रवात नाम गरेको एउटा सुन्दर कुमार बसदथ्यो । सामा र चक्रवात एकआपसमा प्रेम गर्थे। ती राज्यको महासामन्त चुडक (चुगला) पनि सामालाई चाहन्थ्यो । तर सामाले चुडकको प्रेमलाई अस्वीकार गरेपछि दुष्ट चुकले सामार चक्रवात (चकेवा) को प्रेम प्रसंग भगवान श्रीकृष्णलाई सुनाई दिन्छन् । सोही कुरालाई लिएर भगवान श्री कृष्णले आप्न्नी छोरी सामालाई चरा बन्ने सराप दिनुहुन्छ । सराप पाउने वित्तिकै सामा चरीको रुप धारण गर्छिन् र उडेर वृन्दावन तर्फ जान्छिन्। सामा चरी भईसकेकी थाहा पाएपछि प्रेमी चक्रवात सामाको वियोगमा स्वेच्छाले चराको रुपधारण गर्न पुग्छ, सिरहाको मझौरा निवासी विनीताकुमारी यादव बताउंछिन् ।

भगवान श्रीकृष्णको छोरा साम्य राजधानी मथुरा फर्केपछि बहिनी सामा बुवाको सरापले चरी रुपधारण गरेकी थाहा पाए र बाबु कृष्णसंग क्षुब्ध भई सामा तथा चकेवा पुनः मनुष्यरुपमा फर्काउन बृन्दावनमा गएर घोर तपस्या गर्छन् । उता चुडकको कारण सामाले दुःख पाएको भनि मथुराका सबैले चुडकलाई समातेर उसको मुख र जुंगा आगो लगाई दिन्छन् । आफूमाथि मथूरावासीले गरेको अन्याय सहन नसकि चुडकले बृन्दावनमा आगो लगाई दिन्छन् । त्यसैबेला साम्बले गरेको घोर तपस्याबाट ठूलो हुरीबताससँगै घनघोर पानी पर्दछ। उक्त हुरीबतासले बृन्दावनको एउटा रुख ढलेर चुडकको जीउमा पर्छ। चुडक त्यही रुखबाट किचिएर मर्छ।

यता साम्बको तपस्याबाट खुशी भएर भगवान श्री विष्णुले पुनः मनुष्य रुपमा वरदान दिएपछि सामा र चकेवा फेरि मनुष्यको रुपमा आउने वरदान दिएपछि सामा र चकेवा फेरि मनुष्यको शरीर धारण गर्दछन् ।

# डिप र स्यालो टयुबवेल जडान

**टुडे समाचारदाता**

लहान। वर्षेंमी खडेरीकोसमस्या खेप्दै आएका सिरहा र सप्तरीका किसानलाई राहत पुग्ने गरी १२ डिप ट्युबवेल जडान भएको छ। भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले सिरहामा छ र सप्तरीमा छ थान डिप ट्युबवेल जडान गरेको हो।

कार्यालयले आव ०७६/०७७ मा सिरहाको मिर्चैया नगरपालिका-११ सितापुर, सखुवानन्कारकट्टी गाउँपालिका-१ भोर, लक्ष्मीपुर पतारी गाउँपालिका- २ पोखरभिण्डा, मिर्चैया नगरपालिका- १ बिर्ता, बरियारपट्टी गाउँपालिका- २ खोक्सी र नरहा गाउँपालिका-४ बलुवामा एक/एक थान डिप ट्युबवेल जडान गरिएको कार्यालयका प्रमुख सुदर्शनप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

यस्तै सप्तरीको राजविराज नगरपालिका, रुपनी गाउँपालिका, कञ्चनरुप नगरपालिका, सप्तकोशी नगरपालिका, अग्निसाइर कृष्णासबरण गाउँपालिका र कञ्चनरुप नगरपालिका- ८ धर्मेश्वरमा एक/एक थान गरी सप्तरीमा ६ थान डिप ट्युबवेल जडान गरिएको उहाँले बताउनुभयो ।

त्यतै सो आवमा सिरहा र सप्तरीमा २६ थान स्यालो ट्युबवेल जडान गरेको कार्यालयले जनाएको छ । सो अवधिमा १४ वटा पम्पको मर्मत गरी पुनःसञ्चालनमा ल्याएको, १८ वटा वितरण प्रणाली तथा घर निर्माण गरिएको छ।

# बारामा लागुऔषध अफिम सहित दुई जना पक्राउ



**टुडे समाचारदाता**

बारा । बाराको कोल्हबी नगरपालिका वडा नं. ६ प्रसौना बजारबाट २ किलो ७ सय ग्राम अवैध लागू औषध अफिमसहित दुई जना पक्राउ परेका छन् ।

लागू औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगञ्जबाट प्रहरी नायब निरिक्षक तुला प्रसाद पुडासैनी र ईलाका प्रहरी कार्यालय कोल्हबीबाट खटिएको संयुक्त प्रहरी टोलिले उक्त लागुऔषध अफिम पक्राउँ गरेको थियो ।खटिएको प्रहरीले नम्बर नखुलेको मोटरसाइकलमा सवार उनीहरूलाई जाँच गर्ने क्रममा मोटरसाइकलको सिटमा लुकाई राखेको अफिम सहित फेला पारी पक्राउ गरेको हो।

पक्राउँ पर्नेमा` जितपुर सिमरा उपमहानगरपालिका वडा नं.१६ का ४५ वर्षीय दुर्गाबहादुर मोक्तान र ४५ वर्षीय रविबहादुर सिञ्जाली मगर रहेको प्रहरीले जनाएको छ । बारा जिल्ला अदालतबाट ६ दिनको म्याद अनुमति लिई हिरासतमा राखी थप अनुसन्धान भइरहेको बारा प्रहरी प्रबक्ता प्रहरी नायब उपरिक्षक गौतम मिश्रले जानकारी दिनुभयो।

# दलित विपन्नको धमाधम सुरक्षित भवन बन्दै

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको शम्भुनाथ नगरपालिका २ कनकपट्टीकी ५० वर्षिया लक्ष्मीदेवी सदाय आफ्नै आंगनमा बन्दै गरेको सुरक्षित भवन देखेर केही दिन यता निकै खुशी छिन् ।

आठ महिना अघिको विनाशकारी हुरी बतासले फुसको घर उडाउँदा उनको जीवनमा विपत्ति ल्याएपछि टेन्टका सहारामा कष्टकर जीवन व्यतित गर्दै आएकी उनी खुशी हुने कारण बनेको छ, उनको आँगनमा महुली सामुदायिक विकास केन्द्र सप्तरीले धमाधम बनाउँदै गरेको नयाँ कलात्मक घर।

यस्तै खुशी देखिएका छन् सोही बस्तिका धर्मदेव सदाय पनि। वर्षेणी बाढीका कारण घरबार छाडेर सुरक्षित स्थानमा भाग्नु पर्ने बाध्यता अब हट्ने सोचेर उनी पनि दंग परेका छन् । लक्ष्मी देवी र धर्मदेव मात्र होइन् । ती बस्तिका अतिविपन्न ३४ परिवारको आगनमा एक महिना भित्रै घर ठड्याउने लक्ष्यका साथ केन्द्रका प्राविधीक र केन्द्रबाट खटिएका कामदारले पसिना चुहाइरहँदा उनीहरु पनि होस्टेमा हैसे गरिरहेका छन् । दुरदराजबाट आएर हाम्रो घर बनाउन दिनरात खटिएका केन्द्रका प्राविधीक र मजदुरसँग हातेमालो गरेर हामी पनि आफ्नो घर बनाउन लागि परेका छौं, धर्मदेवले भने । केन्द्रले आफूहरु जस्ता विपन्नलाई निशुल्क घर बनाईदिन लागेकाले खुशी लागेको लक्ष्मीदेवी सदायले सुनाइन् । बस्तिका लक्ष्मण सदायले आउँदो वर्षा याममा गाउँघर छाडेर भाग्नु पर्ने अवस्था नरहने बताए । आफ्नै टोलमा बन्दै गरेको सुरक्षित भवनमै टोलका सबै सुरक्षित रुपमा बस्न सक्छौं उनले भने।

अहिले ३४ घर परिवारलाई लक्षित गरि सुरक्षित भवन निर्माण कार्य कनकपट्टीको दलित बस्तिमा भइरहेको छ। जमिनमा ढुंगा तथा सिमेन्टबाट घरको सतह उच्च बनाई बाढीको जोखिमबाट समेत सुरक्षा दिनेगरि निर्माण भइरहेको घरमा भान्सा घरसहित तीनवटा कोठा रहेको छ भने छुट्टै स्थानमा शौचालय समेतको व्यवस्था गर्न लागेको महुली सामुदायिक विकास केन्द्रका कार्यकारी निर्देशक प्रभु नारायण चौधरीले बताए।





घरको चारैतिरको भित्तामा भने बाँसको भाटा कलात्मक ढंगबाट जडान गरि टिनको छाना भएको कोठाहरु छुट्याइएको उनले जानकारी दिए।

नगरपालिकासँगको समन्वयमा एलानी जग्गामा निर्माण गर्न लागिएको घरमा विद्युत, स्वच्छ खानेपानी सेवाका साथै जग्गा भोगाधिकार सम्बन्धी आवश्यक प्रक्रिया सुरु गर्नका लागि आइतबार केन्द्रले एक अन्तरक्रिया कार्यक्रमको आयोजना समेत गरि सहयोगका लागि सबैपक्षसँग आग्रह गरेको उपाध्यक्ष आशाकुमारी चौधरीले जानकारी दिए।

कार्यक्रमका मुख्य सहयोगि एवं साझेदार संस्था ह्याविटेट फर हयुमिनिटी नेपालका इन्जिनियर राजिव बर्माले प्रति घर झण्डै ३ लाख २५ हजार लागत पर्ने अनुमान गरिएको बताउँदै एक महिना भित्रै सम्पन्न भइसक्ने जानकारी दिए। विपद्का बेला जोखिमबाट जोगिन अहिले बन्दै गरेको भवन अत्यन्त सुरक्षित हुने उनको भनाई छ।

महुली सामुदायिक विकास केन्द्रको आयोजनामा सुरु भएको भवन निर्माण कार्यको मुख्य साझेदार ह्याविटेट फर हयुमिनिटि नेपाल र सहायक साझेदारको रुपमा शम्भुनाथ नगरपालिका रहेको उपाध्यक्ष चौधरीले जानकारी दिइन् । विगत १२ वर्षदेखी आवास क्षेत्रमा काम गर्दै आएको केन्द्रले हालसम्म अतिविपन्न तथा दैवी प्रकोपमा परेका पीडित परिवारका लागि सप्तकोशी नगरपालिका, कंचनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजविराज नगरपालिका, रुपनी गाउँपालिका र अग्निसाइर कृष्णासवरण गाउँपालिकामा गरि कुल ४ हजार ३ सय ३५ घर निर्माण गरिसकेको छ।

मुख्य साझेदार संस्था ह्याविटेट फर हयुमिनिटि नेपालका प्रतिनिधि रामप्रसाद सिंह दनुवारले सुरक्षित आवासमा सबैको पहुँच पुऱ्याउने उद्देश्यले कार्यक्रममा सहयोग गरेको बताए । भूमिहीन र विपन्न समुदायलाई लक्षित गरि सुरु गरिएको कार्यक्रम भावी दिनमा सिरहा र धनुषातर्फ पनि बिस्तार गर्ने योजनाका साथ गृहकार्य भइरहेको उनले जानकारी दिए।

# टिपरले ठक्कर दिंदा बालिकाको मृत्य

जलेश्वर । महोत्तरीको औरही नगरपालिका-८ टिम्किया गाउँको भित्री सडकमा आज साँझ टिपरले ठक्कर दिँदा एक बालिकाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा औरही-८ बस्ने नागेन्द्र बैठाकी छोरी १२ वर्षीया रोशनी रहेको प्रहरी उपरीक्षक टीकाबहादुर केसीले बताउनुभयो । गाउँको भित्री सडकमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना.७ ख. ४७३९ नंको टिपरले बाटो छेउमै खेलिरहेको बालिकालाई ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको हो ।

घटनापश्चात् प्रहरीले टिपर र चालकलाई नियन्त्रणमा लिएको छ भने मृतक बालिकाको शव परीक्षणका लागि जिल्ला अस्पताल जलेश्वर पठाउने तयारी गरिरहेको जनाइएको छ ।रासस

# कॉँग्रेस पराजित हुनुका धेरै कारण छन् : असोक चौधरी

**रोहित कुमार मण्डल/**
**टुडे समाचारदाता**



लहान । नेपाली कॉँग्रेसका जेएस मुररका बहुमुखि क्याम्पस लहान सिरहाका स्ववीयू सभापति तथा सप्तरी सुरुङ्गा नगर पालिका वडा नम्बर -४ मधूपट्टिका थारै मतले नेपाली कॉँग्रेसबाट पराजित उमेदबार असोक कुमार चौधरी पार्टिका तत्कालिन सभापति सुशिल कोइरालालाई संविधान जारी गरे पछि पुनः प्रधानमन्त्रीमा उठाउनु नेपाली कॉँग्रेसकको कमजोरी भएको र त्यहाँबाट नेपाली कॉँग्रेस कमजोर बन्दै आएको बताउँनु भएको छ।

सप्तरीको कदमाहामा संचारकर्मीसंगको छोटो कुराकानीमा उहाँले नेताहरुको नाम नलिइकनै भन्नुभयो, एउटाले चर्का कुरा गरेर अगाडी बढन खोज्नु र अर्काले नेतृत्वको दलाली गरेर अगाडी बढन खोज्ने दुवै राम्रो नभएको र त्यसले नेपाली कॉँग्रेसलाई कमजोर बनाएको उहाँले जिकिर गर्नुभयो।

निर्वाचनका लागि विकासका एजेन्डाले काम गर्नु पर्ने भए पनि अहिलेको जनप्रतिनिधिले त्यस्ता एजेन्डा अनुसार, काम गर्न सकेको उहाँले टिप्पणी गर्नुभयो । उनले भने - सुरुङ्गा नगर पालिकामा धेरै राजनीति भयो, राजनीतिको रोगलाई विकास बाहेक कुनै एन्टिवाइटिकले निको पार्न सक्दैन, उनले भने - सुरुङ्गा नगर पालिकामा विकासको इन्जेक्सनले समेत काम गर्न सकेन।

पार्टिले चुनावमा हार व्यहोर्नुमा नेतृत्वसहित पर्टिकाका केहि अग्रपङतिका सबै दोषि भएको बताउँदै अब त्यस्ताहरुलाई पार्टिले उचित कारबाहि गरिनु पर्ने धारणा उहाँले राख्नु भयो।

# वैकल्पिक प्रणालीमा ६४ प्रतिशत विद्यार्थीको सिकाइ प्रभावहीन



काठमाण्डु । कोभिड-१९ महामारीपछि सञ्चालित वैकल्पिक प्रणालीको सिकाइमा ६४ दशमलव ३ प्रतिशत बालबालिकाको सिकाइ प्रभावहीन भएको एक अध्ययनले देखाएको छ। उनीहरु घरमै सिकाइ क्रियाकलापमा संलग्न भए पनि विद्यालय, शिक्षक तथा सूचना प्रविधिको सहयोगको अभावमा उनीहरुले अर्थपूर्ण सिकाइ हासिल गर्न नसकेको पाइएको हो । सिकाइ प्रभावकारी नहुँदा यसको शिक्षामा दीर्घकालीन असर पर्न सक्ने विज्ञहरुको भनाइ छ।

शैक्षिक नागरिक क्षेत्रको साझा सञ्जाल 'शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ) नेपाल' ले 'नेपालका सार्वजनिक विद्यालयमा कोभिड-१९ को असर' विषयक विभिन्न प्रदेशका सात जिल्लाका स्थानीय तहमा गरेको अध्ययनले शिक्षकलाई वैकल्पिक माध्यमको सिकाइबारे तालीम अपर्याप्त नभएको पनि जनाएको छ।

सरकारले महामारीको स्थितिमा पनि शैक्षिक सत्रलाई खेर जान नदिन सूचना तथा सञ्चार प्रविधिको सहायतामा सञ्चालन हुने गरी वैकल्पिक सिकाइ सहजीकरण निर्देशिका, २०७७ जारी गरेको थियो भने हाल स्वास्थ्य जोखिमको अवस्था मूल्याङ्कन गरी स्थानीय तहले विद्यालय खोल्न सक्ने गरी विद्यालय सञ्चालन कार्यढाँचा, २०७७ जारी गरेको छ । एनसिइ नेपालका लागि शिक्षाकर्मी डा सुरेश गौतम, डा इन्द्रमणि राई, सनम मास्के, राजेन्द्र पहाडी, जनक पन्तसहितको टोलीले गरेको सो अध्ययनले चितवनबाहेक अन्य जिल्लाका २५ प्रतिशत विद्यालयबाट मात्रै वैकल्पिक सिकाइका लागि विद्यार्थीले सहयोग पाएको देखाएको छ । झापा, चितवन, पर्सा, रुपन्देही, पर्वत, दैलेख, बाजुराका स्थानीय तहका कक्षा ४, ८ र ९ का विद्यार्थीसँग अनलाइन सर्वेक्षणसमेत गरिएको सो अध्ययनमा ३३५ अभिभावक, ३५० विद्यार्थी र ८५ जना प्रधानाध्यापक सहभागी थिए।

पर्सामा बाहेक अन्य जिल्लाका ९४ प्रतिशत अभिभावकले अभिभावक शिक्षा नपाएको देखाएको अनुसन्धानकर्ता डा गौतम र डा राईले बताउनुभयो। झापामा आमा समूह परिचलान गरी अध्ययन केन्द्रहरु सञ्चालन गरिएको र रुपन्देहीमा साना बालबालिका खेलेर तथा ठूला बालबालिकाले प्रायः सुतेर बन्दाबन्दीको समय बिताएको अध्ययनले उजागर गरेको छ । अध्ययन प्रतिवेदनले ७५ देखि १०० प्रतिशतसम्म विद्यार्थीले पाठ्यपुस्तक पाए पनि अन्य शैक्षिक सामग्री नपाएका जनाएको छ। शिक्षकहरु घरदैलोमा पुगेर विद्यार्थीलाई गृहकार्य दिएका ठाउँमा भने ४४ प्रतिशत विद्यार्थीले गृहकार्य पूरा गरेको देखिएको छ भने सिकाइ निरन्तरताका लागि केन्द्र, प्रदेश र स्थानीय तहको भूमिका र समन्वय अभाव भएको उल्लेख छ। रासस


## ब्रह्मर्षि समाज
### जनकपुर उ.म.न.पा.-८, रामानन्द चौक
### सूचना

ब्रह्मर्षि समाज केन्द्रीय कार्यालय जनकपुरधामको साधारण सभा एवं अधिवेश यही मिति २०७७ साल मंसिर २० गते शनिवारका दिन बिहान ११:३० बजे हुने भएकोले आजिवन सदस्यता ग्रहण गर्नु भएका वा नगर्नु भएका सबै ब्रह्मर्षि ज्यूहरुलाई सो अधिवेशनमा उपस्थित भर्य अधिवेशनलाई सफल पारी सहयोग गरी दिनु हुन अनुरोध छ।

अवध किशोर चौधरी
अध्यक्ष



## श्री जनता जायसवाल प्रा. तथा ब्याब माध्यमिक विद्यालय
### गोदार ग.चा.न.पा.-६६ धनुषा, नेपाल
### कर्मचारी आवश्यकता सम्बन्धि सुचना

प्रकाशित मिति २०७७/०८/१४

यस श्री ज.जा.प्रा.तथा ब्याब.मा.बि. गोदारमा तपसिलमा उल्लेखित रिक्त पदहरुमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हानको लागि यो विज्ञापनको सुचना प्रकाशित गरिएको छ।

तपसिल

१. **विज्ञापन नं. १/२०७७/०७८**
- **क) पदः** शिक्षक — **ख) तहः** माध्यमिक शिक्षक (साबिक उच्च माध्यमिक शिक्षक दरबन्दी)
- **ग) विषयः** लेखा — **घ) पद संख्याः** १ (एक)
- **ङ) नियुक्तिको किसिमः** करार
- **च) शैक्षिक योग्यताः** मुल विषय लेखा लिई कम्तिमा Second Divison मा स्नातकोतर (Master Degree) तह उर्तिण
- **छ) उमेरः** २१ वर्ष पुरा भई दरखास्त दिने अम्तिम दिन सम्मामा ४० वर्ष ननाघेको
- **ज) परीक्षा दस्तुरः** २१००/- (दुई हजार एक सय)

२. **विज्ञापन नं. २/२०७७२०७८**
- **क) पदः** प्रशिक्षक — **ख) तहः** माध्यमिक शिक्षक
- **ग) श्रेणीः** तृतीय — **घ) विषयः** Computer Engineering
- **ङ) पद संख्याः** १(एक) — **च) नियुक्तिको किसिमः** करार
- **छ) शैक्षिक योग्यताः** BE-Computer engineering, BE-information-technology, BE-software engineering र BE-computer system engineering मध्ये कुनै एक मा उर्तिण।
- **ज) उमेरः** २१ वर्ष पुरा भई दरखास्त दिने अन्तिम दिन सम्ममा ४० वर्ष ननाघेको
- **झ) परीक्षाको किसिमः** लिखित, मौखिक र कक्षा अवलोकन
- **ञ) परीक्षा दस्तुरः** २१००/- (दुई हजार एक सय)

३. **विज्ञापन नं. ३/२०७७/०७८**
- **क) पदः** सहायक प्रशिक्षक — **ख) तहः** नि. माध्यमिक शिक्षक
- **ग) श्रेणीः** तृतीय — **घ) विषयः** Computer Engineering
- **ङ) पद संख्याः** १ (एक) — **च) नियुक्तिको किसिमः** करार
- **छ) शैक्षिक योग्यताः** सम्बन्धित विषयमा डिप्लोमा तह उर्तिण वा सो सरह
- **ज) उमेरः** १८ वर्ष पुरा भई दरखास्त दिने अन्तिम दिन सम्ममा ४० वर्ष ननाघेको
- **झ) परीक्षाको किसिमः** लिखित, मौखिक र कक्षा अवलोकन
- **ञ) परीक्षा दस्तुरः** १५००/- (एक हजार पाँच सय)

४. **विज्ञापन नं. ४/२०७७/०७८**
- **क) पदः** कार्यालय सहयोगी — **ख) पद संख्याः** १ (एक)
- **ग) नियुक्तिको किसिमः** करार — **घ) शैक्षिक योग्यताः** कक्षा ८ उर्तिण वा सो सरह
- **ङ) उमेरः** १८ वर्ष पुरा भई दरखास्त दिने अन्तिम दिन सम्ममा ४१ वर्ष ननाघेका
- **च) परीक्षाको किसिमः** मौखित **छ) परीक्षा दस्तुरः** ५००/- (पाँच सय)
- **ज)** विद्यालयको चल अचल सम्पति सुरक्षार्थ विद्यालय प्रांगनमा रातीमा पनि बस्नु पर्ने छ।

५. **निवेदन साथ संग्लन गर्नु पर्ने कागजातहरू**
- नेपाली नागरिकताको प्रतिलिपी।
- आफुले प्राप्त गरेको आवश्यक शैक्षिक योग्यताको प्रतिलिपी।
- विदेशी संस्थाबाट अध्ययन गरेको भए समक्षता प्रमाण-पत्रको प्रतिलिपी।
- यस विद्यालयबाट प्राप्त फारम भरि त्यसमा दुई प्रति फोटो टासेको फारम।
- निरोगिता प्रमाण-पत्र।
- प्रतिलिपी कागजातमा निवेदन स्वयं आफैले प्रमाणित गरि व्यक्तिगत रेकर्ड फाइलमा फाइलिंग गरि पेश गर्नु पर्ने छ।
- शैक्षिक योग्यता अन्तर्गत ट्रान्सक्रिप्त र चारित्रिक प्रमाण पत्रको प्रलिपीको अनिवार्य हुनुपर्ने छ।

६. **दरखास्त दिने मितिः** २०७७/०८/१४ गते देखि २०७७/०८/२८ गते सम्म।
७. **आवेदन दिने समय र स्थानः** विद्यालयको कार्यालय समय बिहान १०:०० बजे देखि ४:०० बजे सम्म।
८. **सम्पर्क मितिः** २०७७/०९/०१ गते बुधवार।
९. **तलब भत्ताः** विज्ञापन नं. १/२०७७/०७८, २/२०७७/०७८ र ३/२०७७/०७८ को हकमा नेपाल सरकारको प्रचलित कानुन बमोजिम तथा विज्ञापन ४/२०७७/०७८ को हकमा विद्यालय प्रशासनको नियमानुसार।
१०. परीक्षा दस्तुर बापतको रकम नेपाल बैंक लिमिटेडको चल्ती हिसाब नं. ००८००१००४६४२२७०००००१ र खाताबालाको नाम श्री जनता जयसवाल प्रा. तथा ब्याब.मा.वि.गोदारमा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ।
११. **परीक्षा मितिः** सम्पर्क मितिमा प्रकाशित गरिने छ।
१२. **विज्ञापन सम्बन्धि अन्य जानकारी को लागिः** ०४१-४१३०६७, ९८४१६९५००७, ९८५४०२२९०८ मा कार्यालय समय भित्र सम्पर्क गर्नु हुन।

प्रधानाध्यापक



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# विभाजनमा नजाउ

देशको सबै भन्दा ठूलो दल सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा) मा शक्ति बाँडफाँडको विषयमा गंभीर विवाद उत्पन्न भएकोछ ।केहि समय पूर्व सम्म मौखिक रुपमा चलेको आरोपप्रत्यारोप अब लिखित रुपमा नै लगाउन थालिएकोछ ।नेकपाका अध्यक्ष समेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले अर्का अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड', वरिष्ठ नेताहरु माधवकुमार नेपाल, झलनाथ खनाल, उपाध्यक्ष वामदेव गौतम लगायतको अस्तित्व नै स्वीकार नगरेपछि उत्पन्न भएको विवाद पार्टीमा लिखित दस्तावेजमा आएकोछ ।प्रचण्डले सचिवालय बैठकमा प्रस्तुत गरेको लिखित आरोपको जवाफ ओलीलेपनि सचिवालयमा लिखित रुपमा नै दर्ता गराएका छन् ।प्रचण्डले ओलीलाई हरेक क्षेत्रमा असक्षम भएको आरोप लगाउदै राजनीतिक विचलन आएको समेत आरोप लगाएपछि ओलीलेपनि त्यस्तै प्रकारको आरोप लगाउदै जवाफ दिएका छन् ।नेकपामा कयौं गुट रहेका छन् ।त्यस मध्ये प्रमुख गुट प्रधानमन्त्री ओलीको रहेकोछ ।त्यसबाहेकका गुटहरु चलाउने प्रचण्ड, नेपाल, खनाल, गौतम लगायत ओली बिरुद्ध एकजुट भएका छन् ।ओली बिरुद्धको मोर्चामा रहेका नेताहरु नै हाल सशक्त देखिएका छन् ।उनीहरु पार्टी र संसदीय दलमा समेत बहुमतमा छन् ।तर त्यसलाई ओलीले वेवास्तागर्दै अगाडी बढेका छन् ।प्रचण्ड-नेपाल समुहले ओलीलाई प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवैबाट हटाउने प्रयासमा छन् ।तर उनी कुनै पद नछाडने अडानमा दृढ छन् ।ओलीले सचिवालयमा दर्ता गराएको लिखित जवाफमा पार्टीमा अल्पमत र बहुमतको खेलमा नलाग्न समेत चेतावनी दिएका छन् ।उनले पार्टी एकिकरणको माइण्डेट अल्पमत र बहुमतको नभएको बताएका छन् ।तर उनले भदौ २८ गते स्थायी कमिटीले दिएको समाधानको मार्गमा फर्कन तयार भएका छन् ।स्थायी कमिटीको त्यो बैठकले पूर्ण समय सरकार चलाउने जिम्मेवारी ओलीलाई र पार्टी चलाउने जिम्मेवारी प्रचण्डलाइ दिएको थियो ।त्यस विपरित ओलीले मन्त्रिपरिषद पूनर्गठन, राजदूतको सिफारिस लगायतका कार्यहरु एकलौटी रुपमा गरेपछि विवाद चर्किएको हो ।ओलीले लिखित रुपमा नै भदौको सहमति कार्यान्वयनमा फर्किन तयार रहेको आग्रहगर्दै प्रचण्डको लिखित प्रस्ताव फिर्ता लिन आग्रह गरेका छन् ।विवाद उत्कर्षमा पुगेको बेला ओलीले प्रचण्ड लगायतका नेताहरुलाई गलाएर अगाडी बढेका छन् ।अहिलेको अवस्थापनि त्यस भन्दा फरक छैन् ।प्रधानमन्त्री ओलीलाई सबै भन्दा बलियो साथ राष्ट्रपति विद्या देवी भण्डारीले दिइरहेकी छन् ।ओलीले पार्टी विभाजन भन्दा संसद विघटनगरि मध्यावधी चुनावको सिफरिस गर्न सक्ने त्रास प्रचण्ड-नेपाल समुहमा रहेको छ ।त्यसको प्रमुख कारण राष्ट्रपति एकतर्फी रुपमा ओलीलाई दिएको साथलाई मानिन्छ ।पार्टी विभाजनको नजिक पुगेपनि दुवै ओली र प्रचण्डले विभाजनको अगुवाई गर्ने हिम्मत गर्न सकिरहेका छैनन् ।पार्टी विभाजनमा जानु नेकपाका नेता, कार्यकर्ताका लागि प्रत्युतपादक हुन सक्छ ।ओलीले बहुमतको सरकारको अनुभुती नेपाली नागरिकलाई गराउन सकेको छैन् ।उनले कुनै उल्लेख्य कार्य समेत गर्न नसकेको आरोपलाई उनले कार्यबाट जवाफ दिन सक्नुपर्छ ।

# दूर्भाग्यपूर्ण हस्तक्षेप

जनआन्दोलन-२ को सफलता पश्चात नेपालको राष्ट्रीय राजनितिमा कम्युनिस्ट पार्टीको प्रभाव बढेको छ । विगत १५ वर्षमा उत्तरी छेमेकी चिनको प्रभाव र हस्तक्षेप पनि निकै त्तिब्र गतिमा बढेको छ । सरकारको गठन, विधटन र सत्ताधारी दल भित्रको विवाद मिलाउनमा समेत उसको भुमिका बढदै जानु चिन्ताको विषय हो । हामीले उत्तरी छिमेकीलाई जतिसुकै भरपर्दो र सहयोगी मित्र राष्ट्र ठाने पनि यथार्थमा यो हाम्रो देशमा आफनो प्रभाव र हस्तक्षेप मात्रै बढाएको छ ।

उत्तरी छिमेकी चीनका राष्ट्रपति सी जीनपिङ्गले नेपाल भ्रमण गरेको १५ महिना पुरा भएको छ । चिनिया राष्ट्रपतिको नेपाल भ्रमणका क्रममा विभिन्न २० वटा समझदारी र सम्झौताहरु भएका थिए तर ती समझदारी र सम्झौताहरु कार्यान्वयनमा भन्ने आउन सकेका छैनन् । नेपाल कम्युनिष्ट पार्टीको सरकारले चीनसित भएका सन्धि–सम्झौताहरुलाई आफनो ठूलो उपलब्धिको रुपमा प्रचार प्रसार गर्दै आएको छ। छिमेकी मित्रराष्ट्रहरुसित सन्धि–सम्झौता हुनु स्वयंमा राम्रो कुरा हो यसले हाम्रा दुईपक्षीय सम्बन्धलाई बलियो बनाउने गर्दछ तर भएका सम्झौताहरुको कार्यान्वयन हुन सकेन भने त्यो अर्थहीन हुन जान्छ । प्रधानमन्त्री के.पी.शर्मा ओलीले आफनो अघिल्लो कार्याकालमा पनि आफनो चीन भ्रमणलाई ऐतिहासिक रुपमा सफल तथा उपलबिध्मुल्क घोषित गरेका थिए तर गएको ५ वर्षमा ती उपलब्धिहरु नेपाली जनताको नजरमा आउन सकेका छैनन् । ठुलो तामझामका साथ सन्धि, सम्झौता गर्ने, कार्यक्रमको घोषणा गर्ने, सर्वसाधारण का अगाडि वाचाा पनि गर्ने तर त्यस अनुरुप कार्यान्वयनमा चुक्ने नेपालका सरकार हरुको प्रवृतिलाई निरन्तरता दिनमा ओली सरकारले रेकर्ड नै बनाएको छ । उत्तरी छिमेकी चीन सितको दुईपक्षीय सम्बन्धलाई नेपालको हितमा तथा नेपाली राष्ट्रियताको निम्ती सहयोगीको रुपमा परिभाषित गर्दै आएका देशका विचारकहरु विशलेषकहरुको विगतहरुले एक वर्षमा उत्तरी छिमेकीको नेपालप्रतिको व्यवहार तथा मानसिकता बारे सुक्ष्म विशलेषण गर्नु आवश्यक छ ।

नेपालको उत्तरी सिमानाको अतिक्रमण,राष्ट्रीय राजधानी काठमान्डौंको सिन्ङदरबार नजिक नेपाली सुरक्षाक्र्मीसित भएका मारपिटका घटना, एटीयम कान्ड र हयाकिङ्ग जस्ता घटनाहरुलाई सामान्य रुपमा लिन सकिदैन् । नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्ने सवालमा समेत उत्तरी छिमेकेले अन्य सबै मित्रराष्ट्रहरुलाई उछिनेर अगाडि बढी सकेको छ ।

नेपालको प्रत्येक राजनितिक परिवर्तनमा दक्षिणी छिमेकी भारतको सहयोग समर्थन र सदभाव रही आएको छ । जनआान्दोलन २ लाई सफल बनाउनमा पनि नेपलाका आन्दोलनकारी सात दल र माओवाादीले भारतको नयाँदिल्लीमा नै १२ बुन्दे सम्झौता गरेका थिए । नेपालको संविधान २०७२ को निर्माण हुदाँ भारतले सबै पक्ष र वर्गको चाहना एवं भावनालाई समेत सम्बोधन गरी संविधान जारी गर्न सुझाव दिएको थियो तर नेपलाका प्रमुख राजनीतिक दलहरुले त्यसलाई बाह्य हस्तक्षेपको रुपमा तथा नेपालको सार्वभौमिकतामाथि प्रहारको रुपमा विश्लेषण गरे । नेपालको संविधान त नेपालीजनताको निम्ती मात्रै कार्यान्वयनमा आउने हो । मित्रराष्ट्रले सुझाव र सल्लाह मात्रै दिने हो । तर आफुलाई समस्यापरेको बेलामा छिमेकी राष्ट्राहरु सित सहयोगको अपेक्षा राख्ने र सहयोग लिने तर तिनका सुझावलाई हस्तक्षेपको रुपमा हेनु।भरसक असल मित्रता होईन किनभने जून देशको संविधानसभाका तीन चौथाई सदस्य एक स्वरले संविधान निर्माणको पक्षमा उभिएका थिए तिनको निर्णय क्षमता माथि कसैले पनि प्रश्न अथवा शंका उठाउन सक्दैन ।संविधान जति बढी उदार, लोकतान्त्रिक एवं सहिस्णु हुन्छ त्यसको आयु, सफलता रस्वीकार्यताको प्रतिशत पनि त्यति नै बढी हुने गर्दछ । हतार हतारमा संविधान जारी गरेर अव त्यसमा कमी कमजोरी औल्याउने काम भईरहेको छ । यो त प्रस्ट रुपमा संविधानको निर्माण गर्ने दलहरुको असफलता हो ।



**श्रीमन नारायण**

> *नेपाल र नेपाली जनताको बृहतर हित , आर्थिक विकास , समृद्धि तथा सीमानाको पूर्ण सुरक्षाको निमित दतचित भएर लाग्ने राजनीतिक दल, नेता, विचारक , विश्लेषक एंवं प्रवद्ध जनतानै साचो अर्थमा देशका सच्चा नागरकि हुन । विगत एक वर्षमा उत्तरी छिमेकी चीनवाट पनि हाम्रो भूभागलाई मिचने काम भएको छ । नेपालमा अहिले कम्युनिष्ट पार्टीको सरकार छ । कम्युनिष्टहरु स्वभाविक रुपमा नै चीनका समर्थक हुन्छन तथा चिनिया पक्षवाट सीमा अतिक्रमम भएको उनीहरु मान्न सक्दैन्न ।*

नेपालको संविधार जारी भए पछि के.पी. शर्मा ओली प्रधानमन्त्रीको पक्षमा निर्वाचित भए २०७२ सालको अन्तयतिर उनी चीन भ्रमणमा गएका थिए । ओलीले पहिलो पटक चीनसंग पारवहन सम्झौतामा हस्ताक्षर गरेका थिए ।भारत माथिको निर्भरतालाई कम गर्न अभवा समाप्त गर्ने उद्देश्यले यो सम्झौता गरिएको थियो । यस सम्झौतालाई नेपालमा ऐतिहासिहक सफलता र उपलब्धिको रुपमा विश्लेषण गर्न काम हुदै आएको छ । जवकि गाएको ५ वर्षमा एउटा सिनको सम्म भाच्न सकिएको छैन् । धि.स. २०७२ सालको बैशाखमा आएको विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त तातोपानी नाकालाई सुचारु संचालन गर्न चीन सरकारले कहिल्यै उत्सुक्ता देखाएन् । चीन जस्तो सम्पन्न देशको निम्ती तातोपानी नाकाको सुचारु संचालन कुनै ठुलो कुरा थिएन् तर चीनको लागि नेपाल महत्वपूर्ण होईन भन्ने कुरालाई बुझ्न हामी जति शीघ्रता गर्नेछौ त्यो हाम्रो हित्तमा हुनेछ । चीनबाट नेपालले वार्षिक करिब दुई खर्व रुपियौ बराबरको सामान आयात गर्दछ भन्ने नेपालबाट सवा अर्व रुपैयाको सामान चीनमा जान्छन । यदि यही आयतनमा दुईपक्षीय व्यापार भइरहने हो भने नेपालको अर्थतन्त्रको भगवान नै मालिक हुनेछ । अहिले भईरहेको व्यापारमा पनि नेपाली व्यापार हरुले भोगिराख्नु परेको अप्ठयारा, अवरोध र उपेक्षाको फेहरिस्त लामो छ । कोरोना महामारीको बहानामा पनि चीनले नेपाल सितको नाका बन्द गरेको छ तर यस विषय परसिथितीमा पनि भारतले खाधान्न र औषधि लगायतका प्राय सबै जसो सामग्रीहरुको आपूर्तिलाई निरन्तरता दिदै आएको छ । चीनको हस्तक्षेप र उपेक्षलाइ पनि सहयोग तथा सदभावको रुपमा लिने तर भारतको सहयोग र सदभावलाई पनि हस्तक्षेप तथा उपेक्षको रुपमा विश्लेषण गर्नेहरु नेपालको भलो हेर्न चाहिरहेका छैनन् ।

नेपाल र नेपाली जनताको बृहतर हित , आर्थिक विकास , समृद्धि तथा सीमानाको पूर्ण सुरक्षाको निमति दतचित भएर लाग्ने राजनीतिक दल, नेता, विचारक , विश्लेषक एंवं प्रवद्ध जनतानै साचो अर्थमा देशका सच्चा नागरकि हुन । विगत एक वर्षमा उत्तरी छिमेकी चीनवाट पनि हाम्रो भूभागलाई मिचने काम भएको छ । नेपालमा अहिले कम्युनिष्ट पार्टीको सरकार छ । कम्युनिष्टहरु स्वभाविक रुपमा नै चीनका समर्थक हुन्छन तथा चिनिया पक्षवाट सीमा अतिक्रमम भएको उनीहरु मान्न सक्दैन्न । प्रमुख प्रतिपश्री नेपाली कांग्रेशले त हुम्ला जिल्लाको लिमी क्षेत्रमा नेपाल तिर २ किलोमिटिर सम्मको भू- भाग चीनले कब्जा गरी त्यसमा एक दर्जन जति घर वनाएको आरोप लगएको छ । केही महिना अघिपनि गोरखा जिल्लाको सीमावर्ति रुई गाउँको भूभागलाई उुसले कव्जा गरेको आरोप नेपाली काँग्रेसका एक जना वरिस्ठ नेताले लगाएका थिए तर त्यति वेला पनि सरकारले चीनकै वचाउ गरेको थियो । सगरमाथाको उचाईबारेको विवाद पनि सृजना गरिएको छ । चीनको सरकारी संचार माध्यम सीजीटीएन ले त केही अघि सगारमाथा आफनै देशमा भएको आशयको सामाचार प्रसारित गरेको थियो । सगारमाथाको उचाईवारे विश्वव्यापी मान्यता (८८४८ मीटर लाई) पनि अस्वीकार गर्दै चीनले ४४४३.४४ मीटर, जुनकी कथित रुपमा चीनको क्षेत्रमा भएको दावी उसले गर्दै आएको छ , त्यसलाई उसले नेपाललाई स्विकार गर्न आग्रह गर्दै आएको छ । चीन सित सिमाना जोडिएका सोलुखुम्बु ,संखुवासभा, सिन्धुपालचोक , दोलखा , रसुवा, गोरखा दार्चुला र हुम्लामा पनि सिमाना विवाद रहेको आशयमा समाचारहरु प्रकाशित हुदै आएका छन् । उत्तरी छिमेकी चीनसित करिब हाम्रो १४०० कि.मि भन्दा पनि लामो सिमाना रहेको छ । उत्तरी छिमेकी चीनले जानीजानी अथवा भूलवस नै भएपनि हाम्रो भुभाग कब्जा रहेको छ भने त्यो हामीले पाउन पर्दछ । दुई तिहाई बहुमतको नेकपा सरकारले जसरी पश्चिमी सीमालाई समेटर नयाँ नक्सा जारी गरी संसदवाट पारित गराएको छ । त्यसरी नै उत्तरी सिमाना लाई पनि सुरक्षित राख्न नेपाल र भोट वीच भएको सन्धीलाई आधार मानेर नयाँ नक्सा जारी गर्नु पर्दछ । सीमा स्तमभहरु सुरक्षित हुनुपर्दछ । विगत १५ वर्ष देखि नेपाल चीन सीमा बैठक हुन सकेको हैन त्यसलार्य पनि शुरु गर्नु पर्दछ।

गएको एक वर्षमा चिनिया राजदुतले सताधारी दलका वरिष्ठ नेताहरुको निवासमै पुगि नेकपा भित्रको अन्तरकलहलाई समाप्त गर्न दवाव दिनु, एमसिसि सम्झौताको वारेमा अनावश्यक टिप्पणी गर्नु ठाडो हस्तक्षेप हो । नेपाल र नेपालीको हितमा कुन देशसित सम्झौता गर्न हो , नगर्ने हो त्यो निर्णय लिने सार्वभौम अिधिकार नेपाली लाई भएकोले यस तथ्यको अनादर अपहेलना गरी अमेरिकी सहयोग कुन शर्तमा लिन हुने र कुन शर्तमा नहुने भन्ने सुझाव दिनु दुर्भाग्यपूर्ण हो । राजधानी काठमाण्डौं सिंहदरवारमा नेपाली सुरक्षाकर्मी माथी हातपात चिनिया हस्तक्षेपको प्रमाण हो । कहिले एटिएम कान्ड , कहिले हैकिङ्ग काण्ड त कहिले होटेलमा नेपाली सित मारपिट लगायात घटना भइरहनुले कतै यिनिहरु नेपालमा आफूलाई विशेष दर्जा प्राप्त अतिथि हानीरहेका त छैनन्? भने प्रश्न उठनु स्वाभाविक हो । कुनै एक छिमेकी माथिको निर्भरतालई कम गर्न अर्को छिमेकी माथी निर्भर रहनु स्वाबलम्वन र आत्मनिर्भरता होईन । भारतसित हाम्रो व्यापार घाटा छ तर यसको अर्थ चीनसितको व्यापार घाटा बढाएर भारतसितको निर्भरता कम भएको ठान्नु बुद्धिमानी होईन ।अब त चीन पनि नेपालमा सुक्ष्म स्तरमा हस्तक्षेप गर्न थालेको छ । सरकारको गठन, विघटन तथा सरकार टिकाउन र सन्धिसम्झौताको वारेमा समेत आफनो निणर्य हाम्रो मुखमा कोच्याउन थालको छ । यस हस्तक्षेपको अन्तय हुनपर्दछ ।

# म्यानमारकी महिलावादी नेपालीभाषी नन्दार

*दीपक भट्टराई /बीबीसी*
*रंगुन, म्यानमार*

नेपालीभाषी बर्मेली परिवारमा जन्मिएकी नन्दारको नेपाली नाम नन्दु ज्ञवाली हो। नेपालमा नन्दारका आफन्त छन्। एक वर्षअघि उनी नेपाल पुगेर आफन्तलाई मात्र भेटिनन् महिला अधिकार बारेका बहसमा भाग लिइन् र म्यानमारका महिलाबारे बोलिन् पनि। नन्दारले स्थापना गरेको पर्पल फेमिनिस्ट ग्रुप नामको संस्थामार्फत् म्यानमारमा महिला सशक्तिकरणका विभिन्न कार्यक्रम गर्छिन्। उनले नारीवादसँग सम्बन्धित केही पुस्तक बर्मेली भाषामा लेखेकी र उल्था गरेकी छन्।लैङ्गिक र जातीय भेदभाव आफैंले भोगेपछि महिलावादी अधिकारकर्मी बनेको नन्दारले बताइन्। 'म १५ वर्षकी हुँदा रजश्वला शुरू भयो। हाम्रो गोर्खाली परिवारको विश्वास र अभ्यास अनुसार रजश्वलाको पहिलो पटक महिलालाई आफ्नो घरमा बस्न दिइँदैन। आफन्त वा छिमेकीको घरमा जानुपर्छ। कुनै पुरुषलाई हेर्नु, देख्नु हुँदैन। धेरै कुरा छुने अनुमति पनि हुँदैन। सूर्यको पनि दर्शन गर्न नहुने भनी किशोरीहरूलाई एउटा कोठामा थुनिराख्छन्, जुन मैले पनि भोगेँ। मैले भोगे पनि आफन्त, छरछिमेक कोही पनि किशोरीले त्यस्तो गर्न आवश्यक छैन भन्ने मलाई लाग्यो र त्यसको विरोध गर्न थालेँ। त्यसैबाट ममा विद्रोहको चेत पस्यो,' नन्दारको महिलावादी आन्दोलनको सुरुवात रजश्वलाका बेला बार्नुपर्ने सामाजिक कुरीति विरुद्धबाट सुरु भएको हो।



म्यानमारका शहरभन्दा धेरै टाढाको दुर्गम बस्तीमा जन्मिएकी नन्दारको जीवनमा रजश्वलाले ठूलो दुर्घटना निम्त्याएको पनि छ। एक्कासि अचेत भएका बुबालाई आमाले रजश्वला भएकै कारण छोइनन्। नन्दार, उनका दिदी र भाइ सानै थिए। उनकी आमा छिमेकमा पुगेर आफन्तलाई बोलाएर अचेत बुबालाई अस्पताल पुर्याउँदा धेरै समय घर्क् यो। त्यसैकारण उनका बुवाको पछि मृत्यु भयो। नन्दार म्यानमारकी चर्चित नारीवादी हुन्। उनले महिलाविरुद्ध हुनै सबै प्रकारका विभेदको विरोध गर्दै आएकी छन् । 'म्यानमारमा गोर्खाली मात्र हैन अन्य समुदायका महिला पनि बोल्ने हिम्मत गर्दैनन्। बोले पनि तिनको आवाज नसुनिने सामाजिक संरचना छ। त्यसलाई चिर्नु नै मेरो काम हो,' नन्दारले भनिन्। उनको लडाइँको सुरुवात भने परिवारबाटै भएको हो। रजश्वला सामान्य शारीरिक प्रक्रिया हो र योसँग पापधर्म जोडिएको हुँदैन भनेर आमालाई सम्झाउनै वर्षौं लाग्यो।त्यसपछि आफन्त र अरूलाई पनि। अहिलेसम्म पनि कतिले यो कुरा बुझिसकेका छैनन्।


'अहिले महिला पुरुष वा अन्य लिङ्ग सबै मानिस समान हो र एकअर्कालाई समान रूपमा हेरे र व्यवहार गरे मात्र संसार बाँच्नका लागि थप योग्य हुन्छ भनेर बुझाउँदै हिँड्छु,' नन्दारको मन्त्र यति नै हो । 'जबदेखि मैले आफूलाई नारीवादी घोषित गरेँ, मेरो परिवार, मेरा पुरुष साथी सबैले केही न केही छेडछाड, व्यङ्ग्य र प्रहार त भोगिरहेकै छन्। म आँफू त पचाउँछु। तर मेरै कारण उनीहरूले भोग्नुपर्ने विभेदले चाहिँ नरमाइलो लाग्छ। यो परिवर्तन गर्नका लागि अझै धेरै काम बाँकी छ,' उनले भनिन्। नन्दारको सक्रियतामा हरेक वर्ष म्यानमारमा 'योनिका कथा' नाटक मन्चन हुने गरेको छ। जहाँ म्यानमारमा महिलामाथि हुने विभेदका बारेमा प्रस्तुत गरिन्छ। त्यसले जनमानसमा जागरण ल्याउन सहयोगी भएको उनले बताइन्। 'महिला सधैँ आफ्ना शरीरको बारेमा लाज मान्दै हुर्केका हुन्छन्। तिनको शरीरबारे पुरुषले लेखेको र बनाएको मानकमा विश्वास गर्नुपरेको छ। जुन म भत्काउन चाहन्छु। हाम्रा नितम्ब हुन् कि स्तन वा अन्य अङ्ग हाम्रा अङ्गको बारेमा हामी महिलाले नै पुनः परिभाषित गर्नुपर्छ भनेर म लागेकी छु। यसमा लाज मान्ने हैन स्वस्थ बहस गरौँ,' नन्दारले भनिन् । यसबाहेक नन्दारले प्रसिद्ध महिलावादी लेखिका दिची चीमामान्ता डोजीको 'वी शुड अल बी फेमिनिस्ट' (हामी सबै नारीवादी हुनुपर्छ) किताब बर्मेली भाषामा उल्था गरेकी छिन् ।उनको दोस्रो बर्मेली पुस्तकले छोराछोरीलाई कसरी समान बनाएर हुर्काउने भनेर सिकाउँछ । पर्पल फेमिनिस्ट ग्रुपबाट महिलाका क्षेत्रमा काम गरिरहेकी नन्दारले पडकास्टमार्फत् महिला अधिकारसम्बन्धी कार्यक्रम सञ्चालन पनि गर्छिन् । नन्दारको विचारमा म्यानमारजस्ता देशमा महिला अगाडि आएर हिँड्न सजिलो छैन, धेरै कुरा यहाँ धार्मिक परम्पराले ओगटेको छ। बौद्ध धर्ममा महिलालाई धेरै स्थान त दिइएको छ। तर पनि हरेक गुम्बामै जहाँ पुरुष गएर पूजा गर्न पाउँछन्। त्यहाँसम्म महिलालाई जान दिइँदैन। त्यो नै विभेदको सुरुवात भएको र महिलाले आफूले आफैलाई कमजोर सोच्ने ठाउँ भएको उनको राय छ । नन्दारको महिला हिंसा विरुद्धको म्यानमारको कानून थप कडाइ गर्नुपर्ने माग छ ।खासगरी घरेलु हिंसालाई व्यक्तिगत मामिलाको रूपमा हेर्न हुँदैन 'यो समाज विरोधी हिंसा हो,' उनी भन्छिन् । त्यस्तै गर्भपतन महिलाको अधिकार हुनुपर्ने सुधार उनी म्यानमारको कानूनमा ल्याउन चाहन्छिन् । म्यानमार बौद्ध देश भएको कारण गर्भपतनलाई अपराध मानिएको छ। जसलाई नन्दार स्वीकार गर्न तयार छैनन् । 'बौद्ध मान्यताका कारण गर्भपतन अपराध ठहरिनु हुँदैन। अन्य बौद्ध मुलुकमा पनि गर्भपतनलाई स्वीकारिसकियो। हामी महिलावादीले यसलाई महिलामाथि नियन्त्रण गर्ने प्रणालीमा आधारित विचारधारा ठान्छौँ,' उनले भनिन् ।

त्यस्ता प्रतिबन्धले गर्भपतन घटाउने छैन बरू असुरक्षित गर्भपतनको स~ ्या बढाउँछ भन्ने उनको मान्यता छ । 'यदि हामीले लैङ्गिक समानताको संसार बनायौँ भने सबैजना खुशी हुन्छौँ, समान अधिकार, समान रोजगार र समान सम्मान पाएपछि समाज शान्तिमय र परिवार अहिंस्रक हुन्छ,' नन्दारले भनिन्। नन्दारको विश्वास छ कि उनलाई जस्तोसुकै चुनौती आए पनि उनी लैङ्गिक समानता र महिलाको अधिकारका लागि काम गरिरहेकी छिन्। मौन महिलाहरूको आवाज उनले खोजिरहने छिन् र त्यसलाई ठूलो स्वरमा कराइ रहनेछिन् ।

# कोरोना संक्रमणले फोक्सोलाई कसरी असर गर्छ ?

नेपालमा कोरोना भाइरस संक्रमितको संख्या एक लाख नजिक पुग्न लागेको छ। संक्रमणको अहिलेसम्मको अवस्था हेर्दा दीर्घरोग भएका बिरामी कोरोना भाइरसले थप गम्भीर भएका देखिन्छन्। मृत्यु हुनेहरुको अवस्था हेर्दा पनि दीर्घरोगी नै बढी छन्। त्यसमा पनि कोरोना भाइरसले फोक्सोमा असर गर्ने भएकाले फोक्सोका बिरामी अन्य बिरामीभन्दा बढी प्रभावित देखिएका छन्। कोरोना भाइरसले फोक्सोमा कसरी असर गर्छ? फोक्सोका बिरामी भएका मानिसहरु भाइरस संक्रमण हुनबाट कसरी बच्ने भनेर हामीले त्रिवि शिक्षण अस्पतालका छाती रोग विशेषज्ञ तथा कोभिड-१९ फोकल पर्सन डा सन्तकुमार दासलाई सोधका छौं। उनले कोरोना भाइरसले फोक्सोमा गर्ने असरबारे यसरी बताएः। कोरोना भाइरस भाइरल निमोनिया हो। पहिलो, भाइरस शरीरमा प्रवेश गरिसकेपछि अक्सिजन र कार्बनडाइअक्साइड एक्सचेन्स गर्ने ठाउँलाई असर गर्छ। जसलाई एल्वेओली भनिन्छ। त्यो बेलुन जस्तो फुलेको हुन्छ। भाइरस त्यहाँ गएर गुणात्मक रुपमा वृद्धि हुन्छ।

त्यसले हाम्रो फोक्सोको भाइरससँग लड्ने क्षमता एक्टिभेट गर्छ। त्यो एक्टिभेट हुदाँ एन्टिबडी र एन्टिजेन रिक्याक्सन हुन्छ। शरीरले एन्टिबडी बनाउँछ र एन्टिजेट भाइरस हो। यी दुई बीचमा रियाक्सन हुँदा इन्फ्लामेसन हुन्छ। इन्फ्लामेसन भनेको एन्टिबडी र एन्टिजेनको बीचमा संर्घष हुनु हो। यसले एल्वेओलीहरु बिग्रन थाल्छन्। त्यो बिग्रन थालेपछि रगत सप्लाई गर्ने नलीहरुबाट पानी निस्कन थाल्छ। त्यो पानी निस्कन थालेपछि एल्वेओली जसमा हावा भरिएको हुन्छ, जहाबाट अक्सिजन र कार्बनडाइअक्साइड एक्सचेन्ज हुन्छ, त्यसमा पानी जम्मा हुन्छ। त्यहाँ पानी भरिएपछि मानिसले अक्सिजन लिन सक्दैन र शरीरमा अक्सिजनको कमी हुन जान्छ। यो संक्रमणको पहिलो अवस्था हो। यो समयमा बिरामी धेरै गम्भीर भइसकेको हुँदैन। भाइरल निमोनियाले अर्को इन्टर्स्टीटियममा असर गर्छ। इन्टर्स्टीटियम भनेको दुई वटा अल्वेओली छुट्याउने बीचको भाग हो। त्यसमा पनि कोरोना भाइरसले असर गर्छ। यो अवस्थालाई हामीले भाइरल निमोनिया भन्छौं। यो सुरुको अवस्था हो।



यो भाइरल निमोनिया बढ्दै गइसकेपछि यो एक्युक्ट रेस्पेरेटिभ डिस्ट्रेस सिन्ड्रोम (एआरडिएस) हुन्छ। जसले फोक्सोको तन्किने र खुम्चिने क्षमता कम हुन जान्छ। मानिसको फोक्सो त श्वास फेर्दा फुल्ने र श्वास लिँदा खुम्चिने हुन्छ। तर भाइरसका कारण (एआरडिएस) भएपछि यो फोक्सोको फुल्ने र खुम्चिने क्षमता ह्रास हुँदै जान्छ। जसको कारणले मानिसले श्वास फेर्न सक्दैन र शरीरमा अक्सिजनको मात्रा कम हुँदै जान्छ। त्यसपछि बरामीलाई भेन्टिलेटरमा राख्नुपर्ने आवश्यकता पर्छ। यो भाइरसका कारण हुने निमोनियाको दोस्रो चरण हो। तेस्रो भनेको बिरामी सक्डमा जान्छ। यो अवस्थामा संक्रमण बढ्दै गएपछि रगतको माध्यमबाट पूरै जिउमा फैलन्छ। पूरै जिउमा संक्रमण फैलिएपछि ब्लडप्रेसर कम हुन्छ। यसलाई सेप्टिक सक भनिन्छ। जब बिरामी सेप्टिक सकमा जान्छ तब मल्टिअर्गान फेलियर हुन्छ। अर्थात् बिरामीको शरीरका अन्य अंगले समेत काम गर्छ छोड्छ। यो कोरोना भाइरसका कारण निम्त्याउने सबैभन्दा गम्भीर अवस्था हो। कोरोना भाइरसबारे वैज्ञानिकले पत्ता लगाएको कुरा के भने अटो इम्युनी डिजिजको अवस्था देखिएको छ। आफ्नो शरीरमा भएको एन्टिजिन विरुद्ध शरीरमा एन्टिबडी बनाउन थाल्छ। हुन त अन्य धेरै रोग पनि अटो इम्युनी डिजिज हुन्छ। यसले पनि फोक्सोमा भएको रगतका कोषिकाहरु खराब हुने देखाएको छ।

त्यसबाहेक थम्बो एम्बोलिक इफेक्सट्स जसले कहिलेकाहीं रगतमा सानोसानो एम्बोलीहरु बनेर रक्तप्रवाह हुने स्थानमा बस्छ। रगत प्रवाहमा बसेर असर गर्ने विभिन्न अध्ययनले देखाएका छन्। सामान्य मान्छेलाई कोभिड-१९ निमोनिया भएको भए फोक्सो फाइब्रोसिस (फोक्सोको भाग सुक्ने) सबै संक्रमितको हुन्छ। कोभिड-१९ले फोक्सोको भागलाई सुकाउँछ। जसलाई माइल कोभिड भएको छ, निमोनिया भएको छैन, सामान्य रुघाखोकी, ज्वरो मात्र भएका बिरामीलाई फोक्सो फाइब्रोसिस (फोक्सोको भाग सुक्ने) धेरै भएको पाइएको छैन। तर, जसलाई कोभिड निमोनिया नै भएको छ ती व्यक्ति लगभग ९० प्रतिशत संक्रमितको कुनै न कुनै रुपमा लङ फाइब्रोसिस भएको हुन्छ।



**डा सन्तकुमार दास**

*सौजन्य :स्वास्थ्य खबर*

# द्विपक्षीय समझदारी कार्यान्वयन गर्न भ्रमणमा आएको छुः मन्त्री वेइ

काठमाण्डु । चीनको राज्यपरिषद् सदस्य तथा रक्षामन्त्री वेइ फेङ्हेले चीन र नेपालका राष्ट्राध्यक्ष एवं सरकार प्रमुखका तहमा भएका द्विपक्षीय समझदारी कार्यान्वयनका सिलसिलामा आफू नेपालको छोटो भ्रमणमा आएको बताउनुभएको छ ।

त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा गृहमन्त्री रामबहादुर थापालगायत उच्च अधिकारीले स्वागतपछि सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै चिनियाँ विशिष्ट अतिथिले पारस्परिक सैन्य सहयोग अभिवृद्धि गर्दै दुई देशबीचको विद्यमान सम्बन्धलाई थप सुदृढ तुल्याउनु आफ्नो भ्रमणको उद्देश्य भएको स्पष्ट गर्नुभयो ।

चीन र नेपालबीच सबल एवं सुदृढ सम्बन्ध रहेको जनाउँदै उहाँले त्यसलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यका साथ आफू नेपाल आएको बताउनुभयो ।

"भ्रमण परिणाममुखी हुनेमा म विश्वस्त छु, कोभिड-१९ का कारण भ्रमणमा केही विलम्ब भयो ", कोभिड-१९ का समयमा नै भएको आफ्नो भ्रमणको विशेष महत्व हुने बताउँदै उहाँले भन्नुभयो ।

रक्षामन्त्री वेइलाई गृहमन्त्री थापा, रक्षा मन्त्रालयका सचिव रेश्मीराज पाण्डे, नेपाली सेनाका रथी प्रभुराम शर्मा, नेपालका लागि चीनका राजदूत हउ यान्छी, परराष्ट्र मन्त्रालयका सहसचिव कालिप्रसाद पोखरेललगायतले स्वागत गर्नुभएको थियो ।

चिनियाँ विशिष्ट पाहुना २१ सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै विशेष विमानबाट काठमाडौँ अवतरण गर्नुभएको हो ।

प्रतिनिधिमण्डलमा जनमुक्ति सेनाका उच्च अधिकारीसमेत हुनुहुन्छ ।

उहाँले राष्ट्रपति विद्यादेवी भण्डारी र रक्षा मन्त्रालयको समेत कार्यभार सम्हाल्नुभएका प्रधानमन्त्री केपी शर्मा ओलीसँग बेग्लाबेग्लै शिष्टाचार भेट तथा प्रधानसेनापति पूर्णचन्द्र थापासँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम छ ।रासस

# सरकार परिवर्तन निराधार : परराष्ट्रमन्त्री ज्ञवाली

गुल्मी । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले वर्तमान अवस्थामा जनताको रुचि मन्त्री वा प्रधानमन्त्री फेर्नेमा नभएको बताउनुभएको छ ।

उहाँले वर्ष-वर्षदिनमा सरकार फेर्न बानी परेकाहरुलाई सरकार फेर्न छट्पटी भएको उल्लेख गर्दै यो खेलमा लागेर जनतालाई पीडा नदिन आग्रहसमेत गर्नुभयो । सत्यवती गाउँपालिकाको अश्लेवामा आज खानेपानी योजनाको उद्घाटन गर्दै मन्त्री ज्ञवालीले नेकपामा केही समयदेखि देखिएको विवादमाथि टीप्पणी गर्दै जनताले वर्तमान सरकारबाट रोजेको मुख्य कुरा रिजल्ट, डेलिभरी र आउटपुट रहेको बताउनुभयो । वर्तमान अवस्थामा कोही पनि निराशाका सन्देशबाट विचलित नहुने आग्रह गर्दै उहाँले देश समृद्धिको यात्रामा अघि बढेको उल्लेख गर्नुभयो । सरकारले गरेका राम्रा कामका बारेमा चर्चा नगरेर नकारात्मक कुरा गरेर टिप्पणी गर्नुभन्दा रचनात्मक सुझाव दिनसमेत दलहरुलाई उहाँले आग्रह गर्नुभयो ।

> "
> *उहाँले सरकार परिवर्तन हुन्छ भन्ने बजार हल्ला निराधार भएको उल्लेख गर्दै जनताले बाहेक बाहिरबाट सरकार परिवर्तन गर्ने खेल घातक हुने चेतावनीसमेत दिनुभयो ।*

उहाँले सरकार परिवर्तन हुन्छ भन्ने बजार हल्ला निराधार भएको उल्लेख गर्दै जनताले बाहेक बाहिरबाट सरकार परिवर्तन गर्ने खेल घातक हुने चेतावनीसमेत दिनुभयो । परराष्ट्रमन्त्री ज्ञवालीले सरकार जनताका न्यूनतम आवश्यकता पूरा गर्दै ठूलाठूला पूर्वाधारका काममा अघि बढेको उल्लेख गर्नुभयो ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको रु एक करोड ९६ लाख ४२ हजार ७९८ लागतमा अस्लेवामा खानेपानी सम्पन्न भएको छ । रासस

# कोरोना न्यूनीकरणमा सांसदको भूमिका प्रभावकारी हुन्छ-अध्यक्ष तिमिल्सिना

मोरङ । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले कोभिड-१९ को न्यूनीकरण गर्न जनतामा सचेतना जाग्रित गराउन सांसदहरुले प्रभावकारी भूमिका खेल्नुपर्ने बताउनुभएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश नं १ सामाजिक विकास मन्त्रालय र राष्ट्रियसभाद्वारा संयुक्त रुपमा आज यहाँ आयोजित कोभिड-१९ जस्तो महामारी र जोखिममा प्रभावकारी सञ्चारका लागि सांसदहरुको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमको उद्घाटन गर्दै उहाँले सो विचार व्यक्त गर्नुभएको हो ।

अध्यक्ष तिमिल्सिनाले अहिलेसम्म रोगको उपचार र प्रविधि नरहेको हुनाले नियन्त्रणका लागि जनप्रतिनिधिले जनतालाई सूचना प्रविधिको प्रयोग गरी सुसूचित गराउनु आजको आवश्यकता भएको औँल्याउनुभयो । उहाँले यो रोग विश्व युद्धभन्दा खतरनाक रहेकाले विश्व स्वास्थ्य सङ्गठनको मापदण्डलाई पालना गरी मानवीय जीवन र आर्थिक कार्य चलायन गर्नुपर्नेमा जोड दिनुभयो । अध्यक्ष तिमिल्सिनाले कारोनाका कारण विश्वका विकसित राष्ट्रमा उपचार नभएर जनता पीडित भएको चर्चा गर्दै हाम्रो जस्तो मुलुकमा जनचेतना जाग्रित गराएर मात्र यो रोगको नियन्त्रण गर्न सकिने विचार व्यक्त गर्नुभयो ।

प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले कोरोना रोकथाम एवं उपचारका लागि व्यवस्थित योजनाका साथ प्रदेश सरकारले कार्य गरिरहेको बताउँदै नयाँ रोग भएकाले नियन्त्रणमा समस्या उत्पन्न भएको बताउनुभयो ।

उहाँले कारोना नियन्त्रणका लागि जनप्रतिनिधिको महत्वपूर्ण भूमिका हुने उल्लेख गर्दै जनतालाई सचेतना जागृत गराउन जिल्ला, स्थानीय र वडास्तरमा कार्य गर्नुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री राईले कोरोना कहिले नियन्त्रणमा आउँछ भन्ने निश्चित नभएकाले यसबाट आफू, आफ्नो परिवार र समाजलाई बचाउन, सुरक्षित रहन अपनाउनुपर्ने सुरक्षित उपायका बारेमा जनतामा चेतना जाग्रित नै महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । रासस

# प्राविधिक शिक्षा पढाउन आवश्यक छ : उपाध्यक्ष डा कँडेल

धादिङ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा पुष्पराज कँडेलले प्राविधिक शिक्षाको अध्ययन अध्यापनमा जोड दिन नीलकण्ठ क्याम्पसलाई आग्रह गर्नुभएको छ। नीलकण्ठ बहुमुखी क्याम्पसको क्याम्पससभाको दोस्रो बैठकलाई सम्बोधन गर्दै उहाँले प्राविधिक विषय इञ्जिनीयरिङ र चिकित्सक विषयको अध्ययन थप गर्नुपर्छ भन्नुभयो । बजारमा प्राविधिक विषयको अध्ययन गर्ने जनशक्तिको माग धेरै भए पनि पढाइ नभएका कारण मागसमेत पूरा गर्न नसकेको यसतर्फ लाग्नुपर्ने उपाध्यक्ष डा कँडेलको भनाइ छ।

कार्यक्रममा सांसद खेमप्रसाद लोहनीले जिल्लाको शिक्षाको विकास क्याम्पसले गरेकोले यसलाई सबैको पहुँचमा हुनेगरी उपयोगी बनाउनुपर्नेमा जोड दिनुभएको छ। सञ्चालक समितिका अध्यक्ष रामनाथ अधिकारीको अध्यक्षतामा सम्पन्न क्याम्पससभामा क्याम्पस प्रमुख नवराज शर्माले रणनीतिक योजना र शैक्षिक गतिविधिबारे प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

नीलकण्ठ क्याम्पसमा ९८९ विद्यार्थी रहेका छन् । प्राविधिक शिक्षा शुरुआतका लागि आवश्यक प्रक्रिया अघि बढाउने र सहकारीसम्बन्धी नयाँ पाठ्यक्रम निर्माण गर्ने आधार तय गर्ने क्याम्पससभाले निर्णय गरेको छ । जिल्लाको पहिलो सामुदायिक सो क्याम्पसको सञ्चालक समितिको अध्यक्षमा शम्भुकुमार श्रेष्ठ चयन हुनुभएको छ । आगामी चार वर्षका लागि उहाँलाई सर्वसम्मत अध्यक्षमा चयन गरेको हो । उहाँ क्याम्पस स्थापनाकालका क्याम्पस प्रमुख हुनुहुन्थ्यो । क्याम्पस सञ्चालक समितिको बैठकले क्याम्पस प्रमुखमा नवराज शर्मालाई निरन्तरता दिने निर्णय गरेको छ ।रासस

# निजी क्षेत्रलाई साथ लिएर अघि बढ्छौँ : अर्थमन्त्री पौडेल

काठमाण्डु । अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सरकार निजी क्षेत्रलाई साथमा लिएर अघि बढ्ने बताउनु भएको छ । नेपाल उद्योग परिसङ्घका पदाधिकारीसँग आइतवार भएको छलफलमा अर्थमन्त्री पौडेलले सरकार निजी क्षेत्रको साथमा रहेको बताउनुभयो । उहाँले कोभिड-१९ का कारण सिर्जित प्रतिकूलताका बावजुद पनि उच्च मनोबलका साथ काम गर्न निजी क्षेत्रलाई आग्रह गर्नुभयो ।

अर्थमन्त्री पौडेलले सरकारले निजी क्षेत्रलाई प्रोत्साहन र प्रवर्द्धन गर्दै नीति नियम बनाउँदादेखि कार्यान्वयनको तहसम्म पृष्ठपोषण लिएर काम गर्ने बताउनुभयो । उहाँले निजी क्षेत्रले अघि सारेका माग तथा विषयलाई सम्बोधन गर्न निरन्तर दोहोरो संवादमा रहने बताउनुभयो । उहाँले भन्नभुयो, "आजको छलफल छलफलको अन्त्य होइन, सुरुआत मात्र हो ।'

उद्योगी तथा व्यावसायीलाई सहयोग तथा प्रोत्साहनका लागि सरकारले पुनरकर्जा, व्यावसायिक निरन्तरता कर्जालगायत कार्यक्रम ल्याएको भन्दै अर्थमन्त्री पौडेलले तिनीहरुको प्रभावकारी कार्यान्वयनमा विशेष जोड दिने बताउनुभयो । अर्थमन्त्री पौडेलले स्रोतको सिमितताभित्र रहेर काम गर्ने स्पष्ट पार्दै सरकारले उद्योगी व्यावसायी र उद्योगी व्यावसायीले सरकार भएर सोच्न आवश्यक भएको र सोहीअनुसार काम गर्दा महत्वपूर्ण उपलब्धी हासिल गर्न सकिने धारणा व्यक्त गर्नुभयो। नेपाल उद्योग परिसङ्घका पदाधिकारीले कोभिड-१९ ले सिर्जना गरेका समस्यालाई सम्बोधन गर्न, चालू आर्थिक वर्षको बजेटमा उल्लेख गरिएका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेलगायत सुझाव दिएका थिए ।

अर्थमन्त्रीको संसदीय निर्वाचन क्षेत्रको बजेट सबै स्वास्थ्य क्षेत्रमा विनियोजित

अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संसदीय निर्वाचन क्षेत्र रुपन्देही क्षेत्र नं २ का लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गतको सम्पूर्ण बजेट यस वर्ष स्वास्थ्य क्षेत्रका लागि विनियोजन गरिएको छ । नेपाल सरकारले प्रत्येक सङ्घीय निर्वाचन क्षेत्रका लागि विनियोजन गर्ने बजेटमध्ये सांसद पौडेलले यस वर्ष आफ्नो क्षेत्रमा स्वास्थ्यमा खर्च गर्नुहुने छ ।

> *अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संसदीय निर्वाचन क्षेत्र रुपन्देही क्षेत्र नं २ का लागि स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गतको सम्पूर्ण बजेट यस वर्ष स्वास्थ्य क्षेत्रका लागि विनियोजन गरिएको छ ।*

अर्थमन्त्री एवं प्रतिनिधिसभा सदस्य पौडेलले आफ्नो संयोजकत्वमा बसेको कार्यक्रम परामर्श समिति र कार्यक्रम निर्देशक समितिको बैठकले रुपन्देही निर्वाचन क्षेत्र नं २ का चार योजनाका लागि रु चार करोड विनियोजन गर्ने निर्णय गरेको जानकारी दिनुभयो । सांसद पौडेलले स्थानीय पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत रुपन्देही क्षेत्र नं २ मा अघिल्लो आर्थिक वर्ष सम्पूर्ण बजेट शिक्षा क्षेत्रको पूर्वाधार विकासका लागि विनियोजन गर्नुभएको थियो ।

चालु आवमा विनियोजित बजेटमध्ये बुटवल उपमहानगरपालिका -१२ को शहरी स्वास्थ्य केन्द्र पूर्वाधार निर्माण तथा स्तरोन्नति कार्यक्रमका लागि रु एक करोड ५० लाख विनियोजन गरिएको छ।

त य स ै ग र ी तिलोत्तमा नगरपालिकाको शङ्करनगर स्वास्थ्यचौकीमा पूर्वाधार निर्माण एवं सुदृढीकरणका लागि रु एक करोड र सैनामैना नगरपालिकाको पदमपाणि योग तथा प्राकृतिक चिकित्सा केन्द्रको सुदृढीकरण कार्यक्रमका लागि रु एक करोड विनियोजन गरिएको छ।

यस्तै लुम्बिनी प्रादेशिक अस्पतालमा रोटरी क्लब अफ बुटवलसँगको सहकार्यमा क्यान्सर स्क्रिनिङ तथा सेन्टर स्थापना र सञ्चालनका लागि कार्यक्रमअन्तर्गत रु ५० लाख छुट्याइएको छ।

अर्थमन्त्री पौडेलले स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमअन्तर्गतको बजेट स्वास्थ्य क्षेत्रको विकासमा विनियोजन गर्नाले निकै सकारात्मक सन्देश दिने उपमहानगरपालिकाका प्रमुख शिवराज सुवेदीले बताउनुभयो। उहाँले शिक्षा र स्वास्थ्य जस्तो जनताले अत्यावश्यक सेवा लिने क्षेत्रको विकासमा बजेट विनियोजन गर्नाले स्थानीय तहलाई स्वास्थ्य क्षेत्रको विकासमा थप प्रभावकारी बनाउने बताउनुभयो । यस्तै तिलोत्तमाका प्रमुख वासुदेव घिमिरे यसरी एकमुष्ट बजेट विनियोजन हुँदा कामको परिणाण राम्रो आउने बताउनुहुन्छ । उहाँले कोभिडको महामारीका बेला स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन भएको र यसलाई आफूहरुले सघन उपचार कक्ष सञ्चालन र स्तरीय खोप केन्द्र स्थापना गर्न प्रयोग गर्ने र जानकारी दिनुभयो । रासस

# कानून कार्यान्वयनका लागि सबैको सहयोग आवश्यक : मुख्यमन्त्री भट्ट

बैतडी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले कानुन कार्यान्वयनकालागिसबैकोसहयोग आवश्यक पर्ने बताउनुभएको छ । शनिबार मानवअधिकार पत्रकार सङ्घ (हुर्जा) को आयोजनामा 'सङ्घीयताको कार्यान्वयन, अवसर र चुनौती' विषयक सरोकारवालाको भर्चुअल बैठकमा उहाँले देशमा थुप्रै कानून बनेको भए पनि मानसिकता परिवर्तन नहुँदा समस्या भएको बताउनुभयो ।

"नेपालको संविधान उत्कृष्ट छ, कार्यान्वयनकै चरणमा छौँ", उहाँले भन्नुभयो, "देशमा राम्रा कानून बनेका छन् तर मानसिकता बदलिएको छैन, मानसिकता नबलिँदासम्म जति राम्रो कानून बने पनि जटिलता आइराख्छ ।" देशमा एउटै दलको सरकार रहेको भए पनि कानून बन्न ढिलाइ भएको समेत मुख्यमन्त्री भट्टले बताउनुभयो । "मैले कानून नबन्दा भएको अप्ठ्यारोबारे सङ्घीय सरकारसँग कुरा राखिसकेको छु", उहाँले भन्नुभयो, "शुरुमा सङ्घले कानून बनाउन ढिलाइ गऱ्यो, त्यसपछि प्रदेश अनि स्थानीय तहमा पुग्दासम्म सङ्घीयता कार्यान्वयनमा ढिलाइ भएको छ।" उहाँका अनुसार सङ्घले कानून नबनाउँदासम्म प्रदेशले काम गर्न नसक्ने भएकाले कानून बन्न ढिलाइ हुँदा सबै तहका सरकारलाई काम गर्न केही जटिलता देखिएको छ।

अन्य प्रदेशमा सम्पन्न भएको "सङ्घीयताको कार्यान्वयनमा सरोकारवालाको भूमिका" विषयक भर्चुअल बैठक सुदूरपश्चिममा शनिबार सम्पन्न भएको मानअधिकार पत्रकार सङ्घ (हुर्जा) का अध्यक्ष घनश्याम खड्काले जानकारी दिनुभयो । रासस

**प्रदेश सरकार**
**प्रदेश नं. २, नेपाल**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय**

## भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

**धुनषा, जनकपुरधाम**

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७७/०८/१५**

प्रदेश नं. २, यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनुषाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "**प्रदेश स्तर विपन्न गरिब तथा समाजिक रुपमा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगारमुलक विशेष पशुपन्छी तथा मत्स्य पालन कार्यक्रम र एकल महिलाको जीविकोपार्जनको लागि पशुपन्छी पालन कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि २०७६**" मा उल्लेख भए बमोजिम लागत साझेदारिमा संचालन गर्न ईच्छुक आवेदक, समुहले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७/०८/२८) सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्न हुन आव्हान गरिन्छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्ताव छनौटको लागि सामावेश हुन नसक्ने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ। तपसिल अनुसारका कागजातहरु संलग्न राखी सिलबन्दी आवेदन/प्रस्ताव पेश गर्न आव्हान गरिन्छ। यस सम्बन्धमा थप जानकारीको लागि कार्यालयको फोन नं. ०४१४२०१४९ मा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

**कार्यक्रम विवरण**

| क्र.सं. | कर्यक्रमको नाम | इकाई | परिमाण | प्रति पैकेज अधिकतम अनुदान रकम | कार्यालयबाट अनुदान रकम | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरु | कार्यक्रम संचालन हुने स्थानिय तह |
|---|---|---|---|---|---|---|---|
| १ | एकल महिला जीविकोपार्जनको लागि बाख्रा/वंगुर तथा कुखुरा/हाँस पालन कार्यक्रम | | | | | | |
| १.१ | बाख्रा पालन कार्यक्रम | पैकेज | २ | ६.४ लाख | १००% | सम्बन्ध विच्छेद गरेकी महिला, श्रीमान संग अलग वसेकी महिला, श्रीमानको मृत्यु भएको महिला ३५ वर्ष उमेर पुगेको साथै ६० वर्ष ननाघेको | कमला नगरपालिका |
| १.२ | वंगुर पालन कार्यक्रम | पैकेज | १ | ६.५ लाख | १००% | | धनुषाधाम नगरपालिका |
| १.३ | कुखुरा पालन कार्यक्रम | पैकेज | २ | २.४ लाख | १००% | | मिथिला नगरपालिका |
| १.४ | हाँस पालन कार्यक्रम | पैकेज | २ | २.४ लाख | १००% | | लक्ष्मीनिया गाँउ पालिका |
| २ | विपन्न गरिव तथा समाजिक तथा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगारमुलक विशेष पशुपन्छी (बाख्रा/वंगुर/कुखुरा/हाँस) तथा मत्स्य पालन कार्यक्रम | | | | | | |
| २.१ | बाख्रा पालन कार्यक्रम | पैकेज | ५ | ६.४ लाख | १००% | साना गरिब तथा विपन्न कृषक, १० कठ्ठा भन्दा कम खेती योग्य जग्गा भएको, कच्ची वा फुसको घर भएको | शहिदनगर न.पा.-९ मिथिला विहारी न.पा.-९ मुखियापट्टी गा.पा.-३ धनौजी गा.पा.-१ र वटेशवर गा.पा.-१ |
| २.२ | कुखुरा पालन कार्यक्रम | पैकेज | ३ | २.४ लाख | १००% | | क्षिरेश्वरनाथ न.पा. ६ धनुषाधाम न.पा.-८ र सबैला न.पा.-४ |
| २.३ | हाँस पालन कार्यक्रम | पैकेज | २ | २.४ लाख | १००% | | नगराईन न.पा.-९ जनकपुर उ.म.न.पा.-१५ |

**पुनश्चः- प्रस्ताव/आवेदन साथ तपसिल अनुसारको कागजातहरु राख्न हुन समेत यसै सूचना द्वारा सूचित गरिन्छ।**

**संलग्न हुनुपर्ने कागजातहरु :**


१. रु. १०।- को हुलाक टिकट टाँसेका फा.नं. २ अनुसारको आवेदन/प्रस्ताव
२. फा.नं. ३ अनुसारको कार्ययोजना
३. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
४. एकल महिला कार्यक्रमको लागि स्थानिय तह वा अधिकारीक निकायबाट पहिचान खुल्ने कागजात वा सिफारिस पत्र र विपन्न, गरिब तथा समाजिक रुपमा पछाडी परेका सिमान्तकृत महिला दलित जनजाती अपाँग मधेसी लगायत सिमान्त्कृत वर्ग भनी स्थानिय तह वा अधिकारीक निकायबाट पहिचान खुल्ने कागजात वा सिफारिस पत्र।
५. विपन्न गरिब तथा समाजिक रुपमा पछाडी परेका साना कृषकको लागि समुह गठन प्रमाणपत्र प्रतिलिपि र समुह बैठकको निर्णय प्रतिलिपि।
६. स्थायी लेखा नं. (PAN) को प्रतिलिपि।
७. समुह संग आवद्ध सदस्यले प्राप्त गरेको अन्य प्रमाणपत्र (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा आदिको प्रतिलिपिहरु)।

**कार्यालय प्रमुख**

# बोको हरामद्वारा कम्तीमा ४३ जना किसानको हत्या

एएफपी

माइदुगुरी । नाइजेरियाको उत्तरपूर्वी माइदुगुरी शहरमा शनिबार विद्रोही समूह बोको हरामले आक्रमण गरी कम्तीमा ४३ जना किसानको हत्या गरेका छन् । धान खेतमा काम गरिरहेका किसानमाथि भएको बर्बर आक्रमणमा अरु छ जना घाइते भएका छन् ।




बोको हराम विरुद्धको प्रतिकार समितिमा एक सदस्यले कोशोबे गाउँमा बोको हरामका सशस्त्र लडाकूले खेतमा काम गरिरहेका किसानको घाँटी रेटेर हत्या गरेको एएफपीलाई बताए ।

नाइजेरियाका राष्ट्रपति मुहम्मदु बुहारीले उक्त घटनाको निन्दा एवं भर्त्सना गर्नुभएको छ । उहाँले "यी अमानवीय हत्याबाट सिँगै मुलुकस्तब्ध भएको छ" भन्नुभएको छ ।

प्रतिकार समितिका सदस्य बाबाकुडा कोलोले आफूले ४३ जनाको शब फेला पारेको र अरु छ जना गम्भीर अवस्थामा भेटिएको जानकारी दिनुभयो । उहाँले यस क्षेत्रमा बोको हराम समूहले बेलाबेला जघन्य आक्रमण गर्ने गरेकाले यस पटकको आक्रमण पनि उनीहरुले नै गरेको दाबी गर्नुभयो ।

खेतमा काम गर्ने मजदुर उत्तरपश्चिम नाइजेरियाको सोकोतो राज्यका रहेको पाइएको छ । स्थानीयवासी इब्राहिम लिमानले कामको खोजीमा यहाँ आएका ६० जनामध्ये ४३ जनाको हत्या भएको र छ जना गम्भीर घाइते भएको बताउनुभयो ।

अरु आठ जना हराइरहेको र उनीहरुलाई बोको हरामका लडाकूले अपहरण गरेको हुन सक्ने पनि लिमानले बताउनुभयो ।

गत महिना पनि बोको हरामका लडाकूले माइदुगुरी नजिकै सिँचाईको काम गर्ने २२ मजदुरको विभत्स हत्या गरेका थिए ।

आतङ्कवादी संगठन इस्लामिक स्टेटसँग नजिक रहेको मानिएको जिहादी समूह बोको हरामको आक्रमणबाट सन् २००९ यता कम्तीमा ३६ हजारको ज्यान गइसकेको छ भने २० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । यो हिंसा छिमेकी मुलुकहरु नाइजर, चाड र क्यामरुनसम्म फैलिएको छ ।

# जापानमा झन बढे कोरोना सङ्क्रमित

एएनआई

टोकियो । जापानमा पछिल्लो समयमा कोरोनाभाइरस सङ्क्रमितको संख्या बढ्न थालेको बताइएको छ । जापानका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टामा दुई हजार ६८४ जना कोरोना सङ्क्रमित थपिएका हुन् । यो संख्या जापानमा २४ घन्टाभित्र देखिएको सबैभन्दा ठूलो संख्या हो ।

जापानको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीमा यो संख्या जापानमा कोरोना भाइरसको महामारी देखिएपछिको एक दिनमै देखिएको सबैभन्दा ठूलो संख्या हो । योसँगै जापानमा कोरोना भाइरसका सङ्क्रमितको संख्या एक लाख ४६ हजार २१४ जना पुगेको छ ।

जापानको स्वास्थ्य मन्त्रालयले त्यहाँको राजधानी टोकियोमा पछिल्लो समयमा धेरै सङ्क्रमित पाइएका छन् । यसअघि पनि गत महिनामात्र यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले अब फेरि समस्या बढ्दै गएमा जापानमा आपतकालको अवस्थामा जस्तै केही नीतिमा परिवर्तन पनि हुन सक्ने बताएका थिए ।

# भारत विरुद्धको वनडे श्रृंखला अष्ट्रेलियाले जिते

एजेन्सी

जनकपुरधाम । भारत विरुद्धको वनडे श्रृंखला अष्ट्रेलियाले जितेको छ । तीन म्याचको श्रृंखलामा अष्ट्रेलियाले २-० को अग्रता कायम गरेको छ । आइतबार भएको दोश्रो खेलमा अष्ट्रेलियाले भारतलाई ५१ रनले पराजित गरेको छ । यसअघि शुक्रबार भएको पहिलो खेलमा भारत ६६ रनले पराजित भएको थियो ।



अष्ट्रेलियाले प्रस्तुत गरेको ३ सय ९० रनको विजयी लक्ष्य लिएर मैदानमा उत्रेको भारतले निर्धारित ओभरमा ३ सय ३८ रन जोडेका थिए ।

अष्ट्रेलियाका लागि पैट कमिन्सले तीन विकेट लिए । एडम जैम्पा र जस हैजलउडले दुई/दुई विकेट लिएका छन् । मैक्सवेल र हैनरिक्सले पनि एक/एक विकेट लिन सफल भएका छन् । भारतका लागि कप्तान विराट कोहलीले ८९ रन बनाए भने लोकेश राहुलले ७६ रनको पाली खेले । लगातार दोश्रो खेलमा भारतीय ब्याट्सम्यानले राम्रो सुरुवात गरेर आफ्नो विकेट गुमाए । मयंक अग्रवाल र शिखर धवनले पहिलो विकेटको लागि ७.४ ओभरमा ५८ रन जोडेर भारतलाई राम्रो शुरुवात प्रदान गरेको थियो । अग्रवाल २८ रन जोडेर आउट भएपछि अर्का ओपनर शिखर धवन पनि थप दुई रन जोड्दै आए भए । उनले ३० रनको योगदान गरे ।

चौथो क्रममा ब्याटिङ गरेको श्रेयस अय्यरले ३८ रनको पाली खेले । आवश्यक रनरेट बढ्दै जादा भारतीय ब्याट्सम्यानहरुले आफ्नो विकेट गुमाएका थिए । भारतीय ब्याट्सम्यानलाई अष्ट्रेलियन बलरहरुले खुलेर शर्ट खेल्न दिएका थिएनन् । जसका कारण दबाबमा गलत शट प्रहार गरेर विकेट गुमाए ।

यता, टस जितेर पहिलो ब्याटिङ गरेको अष्ट्रेलियाले ५० ओभरमा चार विकेटको क्षतिमा ३ सय ८९ रनको विशाल स्कोर खडा गरेको थियो ।

अष्ट्रेलियाका लागि पूर्व कप्तान स्टिभ स्मिथले लगातार दोश्रो शतक प्रहार गरे । उनले ६४ बलमा दुई छक्का र १४ चौकको सहयोगमा १ सय ४ रन जोडेका थिए । लगातार दोश्रो खेलमा उनि म्यान अफ दी म्याच घोषित भएका छन् । लगातार दोश्रो खेलमा अष्ट्रेलियाका ओपनरले शतकीय साझेदारी गरे । डेविड वार्नर र कप्तान आरुण फिन्चले पहिलो विकेटको लागि १ सय ४२ रन जोडेका थिए । फिन्च ६० रन जोडेर मोहम्मद सामीको बलमा कोहलीद्वारा समातिए । अर्का ओपनर वार्नरले ८३ रन जोडेर रनआउट हुन पुगेका थिए । अष्ट्रेलियन पालीको अन्त्य तिर लबुस्गेन र मैक्सवेलले अक्रामक ब्याटिङ गरेका थिए । लबुस्गेनले ७० रन जोडे भने २९ बलको सामना गरेर मैक्सवेलले चार छक्का र चार चोकाको सहयोगमा ६३ रन जोडेका थिए । मैक्सवेलको पालीले अष्ट्रेलिया सुरक्षित स्कोरसम्म पुगेका थिए । भारतीय बलरहरु लगातार दोश्रो खेलमा निकै महगो साबित भए ।

बुम्रा, चहल र नवदीप सैनी निकै महगो साबित भए । बुम्राले एक विकेट लिए भने सामी र हार्दिक पाण्डयाले पनि एक/एक विकेट हात पारे । चहल भने विकेटविहीन रहे । एक खेल खेल्न अगावै श्रृंखला गुमाइसकेको भारतले तेश्रो तथा अन्तिम वनडे बुधबार खेल्ने छ ।

# ट्रम्पको कानुनी चुनौती पेन्सिल्भेनिया अदालतद्वारा खारेज




एएफपी

वासिङ्टन । अमेरिकी राज्य पेन्सिल्भेनियाको सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पका तर्फबाट दायर निर्वाचनसँग सम्बन्धित निवेदन शनिबार खारेज गरिदिएको छ । निर्वाचन नतिजा उल्ट्याउने मनसाय राख्दै दायर निवेदनमा पर्याप्त प्रमाण नपुगेको भन्दै अदालतले निवेदन खारेज गरेको हो ।

उक्त निवेदन खारेज भएसँगै राष्ट्रपति ट्रम्पको निर्वाचनमा धाँधली भयो भन्ने तर्कमा अर्को धक्का लागेको छ । रिपब्लीकन पार्टीका तर्फबाट दिइएको निवेदनमा हुलाकबाट गरिएको मतदानलाई खारेज गर्न माग गरिएको थियो । पेन्सिल्भेनिया राज्यमा राष्ट्रपति-निर्वाचित जो बाइडेनले ८१ हजार मतको अग्रता सहित चुनाव जित्नु भएको थियो । तर अदालतका न्यायाधीशहरुले सर्वसम्मतिले राष्ट्रपति ट्रम्प र रिपब्लीकन पार्टीले दिएका निवेदन खारेज गरेका थिए ।

पेन्सिल्भेनिया राज्यमा करिब ६९ लाख मतदाताले मतदान गरेका थिए । निवेदनमा पेन्सिल्भेनिया राज्यको सन् २०१९ को कानुनले हुलाकबाट भएको मतदानलाई गैरसंवैधानिक मानेको उल्लेख गरिएको छ । पेन्सिल्भेनिया राज्यले गत नोभेम्बर २४ मै औपचारिकरुपमा बाइडेन विजयी हुनुभएको जनाउँदै मतपरिणामलाई प्रमाणित गरिसकेको छ ।

राष्ट्रपति ट्रम्पले गत नोभेम्बर ३ मा भएको राष्ट्रपति निर्वाचनमा व्यापक धाँधली भएको जनाउँदै चुनावी परिणामलाई स्वीकार्न मानिरहनु भएको छैन । उहाँले चुनावमा धाँधली भएकै हो भन्दै दिनहुँ ट्वीट गर्नुका साथै पेन्सिल्भेनियामा बाइडेन विजयी भएको मान्न सकिने अवस्था नरहेको जनाउँदै अनौठा ट्वीट गर्नु भएको छ ।

गत बिहीबार पहिलो पटक राष्ट्रपति ट्रम्पले आगामी डिसेम्बर १४ मा इलेक्टोरल कलेज (निर्वाचक प्रतिनिधि)हरुले बाइडेनलाई निर्वाचित गराए आफू ह्वाइट हाउस छाड्न तयार हुने बताउनु भएको छ । आगामी जनवरी २० मा राष्ट्रपतिको शपथ लिनु हुने बाइडेनले ३०६ र राष्ट्रपति ट्रम्पले २३२ इलेक्टोरल मत प्राप्त गर्नु भएको छ । राष्ट्रपति निर्वाचित हुन २७० इलेक्टोरल मत आवश्यक पर्दछ ।

# अफगानिस्तानमा आत्मघाती आक्रमणमा २६ सुरक्षाकर्मीको मृत्यु

एएफपी

घाज्नी । अफगानिस्तानको घाज्नी प्रान्तमा आइतबार भएको कार बम आक्रमणमा २६ जना सरकारी सुरक्षाकर्मीको मृत्यु भएको छ ।

आत्मघातीले सैनिक शिविरमा गरेको यस किसिमको यो सबैभन्दा घातक आक्रमण हो । पछिल्ला केही महिनादेखि सैनिक शिविरलाई लक्षित गरी यति भिषण आक्रमण गरिएका थिएनन् ।

घाज्नी अस्तालका निर्देशक बाज मोहम्मद हेमातले २६ जनाको मृत्यु भएको र १७ जना गम्भीर घाइते अवस्थाका सैनिक अस्पतालमा ल्याइएको जानकारी दिनुभयो । उहाँले मृतक एवं घाइते सबै सैनिक रहेको बताउनुभयो ।

घाज्नी प्रान्तीय परिषद्का एक सदस्य नासिर अहमद फकिरीले पनि आक्रमणबाट भएको क्षति पुष्टि गर्नुभयो ।

अफगान गृह मन्त्रालयका प्रवक्ता तारिक अरियनले घाज्नीमा एक व्यक्तिले विस्फोटक पदार्थले भरिएको सवारी साधन सैनिक शिविरभित्र विस्फोट गराएको जानकारी दिनुभयो । तर उहाँले के कति सैनिकको मृत्यु भयो भन्ने बारेमा केही बताउन चाहनु भएन । उक्त आक्रमणको कुनै समूहले जिम्मेवारी लिएको छैन ।

# यमनी झडपमा १३ व्यक्तिको मृत्यु

एएफपी

दुबई । यमनी सरकार पक्षधर सैनिक र हुथी विद्रोहीबीच शनिबार झडप हुँदा कम्तीमा १३ व्यक्तिको मृत्यु भएको सैनिक स्रोतले पुष्टि गरेको छ ।

अभियान प्रान्तमा भएको उक्त भिडन्तमा सरकारी सैनिक र दक्षिणी क्षेत्रलाई स्वतन्त्र बनाउने माग गर्दै आएको 'साउदर्न ट्रान्जिसनल काउन्सिल' (एसटीसी) समूहबीच भएको झडपमा कम्तीमा आठ विद्रोही सैन्य लडाकू र पाँच सरकारी सैनिक अधिकारीको मृत्यु भएको सेनाले पुष्टि गरेको छ ।

एसटीसीहले पनि आफ्नोतर्फका आठ लडाकूको मृत्यु भएको पुष्टि गरेको छ । यमनको दक्षिणी क्षेत्रमा इरानको समर्थन प्राप्त हुथी समूहसँगको लडाईमा एसटीसीले संयुक्त राष्ट्रसंघद्वारा मान्यता प्राप्त सरकारसँग सहकार्य गरे पनि दक्षिण यमनको स्वतन्त्रताको माग राख्दै आएको छ । यमनमा हुथी समूहलाई अन्य समूहले साझा दुश्मनका रूपमा हेर्दै आएका छन् ।

एसटीसी र सरकारबीच लामो प्रयासपछि सत्ता गठबन्धनका लागि भएको सम्झौताबाट एसटीसी फिर्ता भएको उक्त समूहले गत अगस्टमा घोषणा गरेको थियो ।

सन् २०१९ को डिसेम्बरमा गरिएको सम्झौताले, यमनको उत्तरी क्षेत्र जसलाई इन्धनका लागि धनी मानिन्छ, मा प्रभाव जमाउँदै आएको इरानको समर्थन प्राप्त हुथी समूहविरुद्धको सहकार्यलाई सुनिश्चितता गर्ने अनुमानबीच एसटीसी सरकारसँगको वार्ताबाट भागेको हो ।

# न्युजिलैण्डले जिते टी-२० श्रृंखला

एजेन्सी

जनकपुरधाम । घरेलु टोली न्युजिल्यान्डले वेस्टइन्डिजलाई ७२ रनले पराजित गर्दै तीन खेलको ट्वान्टी ट्वान्टी क्रिकेट श्रृंखला जितेको छ ।



माउन्ट माउनगानुइमा आइतबार भएको दोस्रो खेल न्युजिलैण्डले एकतर्फी रुपमा जितेको हो । यसअघि शुक्रबार भएको पहिलो खेल पनि न्युजिलैण्डले जितेको थियो । तीन म्याचको श्रृंखलामा २-० को अग्रता कायम गरेको हो ।

जितसँगै न्युजिल्यान्डले एक खेल अगाडि नै सिरिज आफ्नो पक्षमा पारेको हो । बे ओभलमा न्युजिल्यान्डले दिएको २ सय ३९ रनको विशाल लक्ष्यसहित जवाफी ब्याटिङ गरेको वेष्टइन्डिजले २० ओभरमा ९ विकेट गुमाएर १ सय ६६ रन मात्र बनाउन सक्यो । वेस्टइन्डिजका लागि कप्तान केरोन पोलार्डले सर्वाधिक २८ रन बनाए । यस्तै शिम्रन हिटमायरले २५ रन जोड्दा आन्द्रे फ्लेचचर र केली माएर्सले २०/२० रन बनाए । किमो पाउलले अविजित २६ रन जोडे भने फाबियन एलेनले १५ रन बनाए । न्युजिल्यान्डका केली जेमिसन र मिचेल स्टानरले २/२ विकेट लिए । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको न्युजिल्यान्डले २० ओभरमा ३ विकेट गुमाएर २ सय ३८ रन बनाएको थियो ।


न्युजिल्यान्डको उच्च स्कोरमा ग्लेन फिलिप्सले शतकीय पारी खेले । उनले ५१ बलमा १ सय ८ रन बनाए । खेलको म्यान अफ दी म्याच पनि फिलिप्सलाई प्रदान गरियो । यस्तै डेभोन कोनवेले अविजित रहँदै ६५ रनको अर्धशतकीय पारी खेले ।

मार्टिन गुप्टिलले ३४ रन जोडे भने टिम सेइफर्टले १८ रन जोडे । वेस्टइन्डिजका केरोन पोलार्ड, फाबियन एलन र ओसुमाने थोमसले १/१ विकेट लिए । दुई टिमबीचको अन्तिम खेल सोमबार हुनेछ ।

# इरानी परमाणु वैज्ञानिकको हत्यामा इजरायलको सम्लग्नता रहेको इरानको दावी, बदलाको चेतावनी

एएफपी

तेहरान । इरानका एक वरिष्ठ परमाणु वैज्ञानिकको हत्याको आरोप इजरायलमाथि लगाउँदै राष्ट्रपतिले आफ्नो देशका पारमाणविक कार्यक्रमलाई कमजोर र सुस्त नबनाइने बताउनुभएको छ । राष्ट्रपति हसन रौहानीले वैज्ञानिक मोहसिन फखिजादेहको हत्याको इरानले उपयुक्त समयमा बदला लिने चेतावनीसमेत दिनुभयो । इरानको पारमाणविक कार्यक्रमलाई अगाडि बढाउने प्रमुख व्यक्ति फखिजादेह नै भएको बताउँदै आएको इजरायलले त्यसबारे अहिलेसम्म कुनै प्रतिक्रिया जनाइसकेको छैन ।



परमाणु वैज्ञानिक फखिजादेहको हत्यासँगै इरानको पारमाणविक कार्यक्रमलाई लिएर अमेरिका र उसका साझेदार मुलुकहरूसँग तनाव बढ्ने चिन्ता व्यक्त हुन थालेको छ । राजधानी तेहराननजिकै इरानका वरिष्ठतम वैज्ञानिक मोहसिन फखिजादेहको हत्या गरिएको त्यहाँको रक्षा मन्त्रालयले यसअघि पुष्टिगरेकोथियो । दमावन्दकाउन्टीमा पर्ने अबशार्दस्थित अस्पतालमा उपचारका क्रममा उनको निधन भएको थियो ।

इरानका विदेशमन्त्री जवाद जारिफले 'कुनै राज्यद्वारा गरिएको आतङ्कवादी काम' भन्दै हत्याको निन्दा गर्नुभएको छ । इरानले आफ्नो पारमाणविक कार्यक्रम नितान्त रूपमा शान्तिपूर्ण उद्देश्यका लागि रहेको बताउँदै प्रर्वद्धित युरेनियमको बढ्दो मात्रामा विकास गरिरहेको ताजा चासोबीच वरिष्ठ वैज्ञानिकको हत्या भएको हो ।

गैरसैनिक ऊर्जा उत्पादन र सैनिक अस्त्र निर्माण दुवैका लागि प्रवद्धिधत युरेनियम महत्वपूर्ण मानिए पनि इरानले यसलाई आफ्ना विरोधी मुलुकलाई लक्षित गर्नसक्ने आशङ्कासहित यूरेनियम प्रवर्द्धनलाई रोक्न अमेरिका लगायतका विश्वशक्ति राष्ट्रले इरानमाथि दवाव दिँदै आएका छन् ।

**Nepal Rastra Bank**

**Janakapur Office**

**Invitation for Sealed Quotation**

**Date of second publication: 2077/08/15**

| S.N. | Sealed Quotation No. | Goods | Quantity | Cost Estimate with VAT (NRs.) | Bid Bond Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | SQ/Goods/01/2077/78 | AIO Computer (Branded) | 5 Units | 7,00,000.00 | 21,000.00 |

1. Nepal Rastra Bank (NRB), Janakpur Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of above mentioned goods.
2. Interested eligible suppliers may obtain further information and inspect the sealed Quotation forms at Nepal Rastra Bank, Janakpur Office, Tel: 041-426498 / 426629 (Ext. 107, 110) email: nrbjnp@nrb.org.np
3. Sealed Quotation Form may be purchased by eligible suppliers on the submission of a written application along with authorized dealer certificated of any brand, company registered document and voucher upon Payment of non-refundable fee of Rs. 1000.00 deposited in profit loss miscellaneous account (1600000/030/002/524) till 2077/08/22 up to office hour.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 Noon on 2077/08/23. Quotations received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days from the last date of submission off Sealed Quotations and must be accompanied by cash security or Bank Guarantee, amounting as mentioned above, which shall be valid for 75 days from the last date of submission of Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Sundry Creditors Account No. 1609999-011-001-524 at Nepal Rastra Bank, Janakpur Office and submit the receipt of the deposit along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of supplier's authorized representatives who choose to attend at 2:00 PM on 2077/08/23 at Npeal Rastra Bank, Janakpur Office.
8. If the last date of purchasing, submission and opening of sealed quotation falls on a public holiday then the next working day shall be considered the las day.
9. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning any reason, whatsoever.

## सुनको मूल्य प्रतितोला रु ६०० ह्रास

काठमाण्डु । स्थानीय बजारमा आइतवार पहेंलो धातुको मूल्य प्रतितोला रु ६०० ले ओरालो लागको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाला सुन आइतवार प्रतितोला रु ९० हजार ७०० मा कारोवार भएको छ । शुक्रबार छापावाला सुन प्रतितोला रु ९१ हजार ३०० मा कारोवार भएको थियो ।

यस्तै तेजाबी सुन आइतवार प्रतितोला रु ९० हजार २०० मा कारोवार भएको छ । शुक्रबार तेजाबी सुन प्रतितोला रु ९० हजार ८०० मा कारोवार भएको थियो । यस्तै चाँदी आइतवार प्रतितोला रु एक हजार १५० मा कारोवार भएको छ । शुक्रबार चाँदी प्रतितोला रु एक हजार १६५ मा कारोवार भएको थियो । शुक्रबारका तुलनामा आइतवार चाँदी प्रतितोला रु १५ ले घटेको हो ।रासस

## पर्वतीय उडानमा एयरलाइन्सको आकर्षक छुट

काठमाण्डु । बन्दाबन्दीको आठ महिनापछि शुरु भएको पर्वतीय उडान (माउन्टेन फ्लाइट) मा यात्रुलाई आकर्षण गर्न एयरलाइन्सबीच प्रतिस्पर्धा नै चलेको छ । निजी क्षेत्रका अग्रणी वायुसेवा प्रदायक कम्पनी बुद्ध एयर र यती एयरलाइन्सले पर्वतीय उडानमा विशेष छुट र ‘अफर’सहितका योजना बनाएका छन् । दुवै एयरलाइन्सले एक टिकट खरिदमा अर्को टिकट निःशुल्क उपलब्ध गराउने घोषणा गरेका छन् ।

कोभिड-१९ महामारीका कारण अझै पनि विदेशी पर्यटकको चहलपहल बढ्न नसकेका बेला एयरलाइन्सले आन्तरिक पर्यटकलाई लक्षित गर्दै आफ्ना छुट प्याकेज घोषणा गरेका हुन् । दुवै एयरलाइन्सले आगामी डिसेम्बर ५ तारिखदेखि औपचारिकरुपमा पर्वतीय उडान सञ्चालन गर्ने ती कम्पनीले आइतवार छुट्टाछुट्टै विज्ञप्तिमार्फत जनाएका छन् । हरेक शनिबार पर्वतीय उडान हुनेछ ।

बुद्ध एयरले कात्तिक १३ गते शनिबारबाटै पर्वतीय उडान शुरु गरिसकेको छ । सो उडानमा १८ यात्रु सहभागी थिए । बन्दाबन्दीपछि पुनःपर्वतीय उडान शुरु गरेको बुद्ध एयरले स्थिर अवस्थामा रहेको पर्यटनलाई गतिशील बनाउने उद्देश्यले आगामी शनिबारदेखि नियमित पर्वतीय उडान गर्ने जनाएको छ ।

यती एयरलाइन्सले पनि हिजोदेखि नै शुरु गर्ने तयारी गरेको भए पनि केही प्राविधिक कारण अर्को मिति तय गरिएको कम्पनीले उल्लेख गरेको छ । यती एयरलाइन्सले आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पर्वतीय उडानमा विशेष अफर बनाएको छ । यसले पनि एक टिकट खरिदमा अर्को सित्तैमा उपलब्ध गराउने जनाएको छ । यती एयरलाइन्सका उडान सुरक्षा विभाग प्रमुख एवं प्रवक्ता सुदर्शन बर्तौलाले आन्तरिक उडानका यात्रुलाई आकर्षण गरी पर्यटन क्षेत्रलाई चलायमान बनाउने उद्देश्यले अफर ल्याइएको बताउनुभयो ।

‘गाउँदै नेपाली गाथा हेरौँ आफ्नै सगरमाथा’ भन्ने सन्देशसहित यतीले आगामी मङ्सिर २० गतेदेखि प्रत्येक शनिबार पर्वतीय उडान सञ्चालन गर्ने विज्ञप्तिमा उल्लेख गरेको छ । सुपथ मूल्यमा सगरमाथा उडान प्रारम्भ गर्न लागिएको र बुकिङका लागि नजिकको टिकट काउन्टर तथा ट्राभल एजेन्सी, वेबसाइट वा मोबाइल एप्समार्फत सम्पर्क गर्न सकिने कम्पनीले जनाएको छ । यतीले पर्वतीय उडानका लागि रु आठ हजार ९९९ भाडा निर्धारण गरेको छ ।

पर्वतीय उडान करिब एक घण्टाको हुनेछ । त्रिभुवन विमानस्थलबाट शुरु हुने यो उडानबाट सगरमाथा, मकालु, नुप्से, गौरीशङ्करलगायत अन्य हिमशृङ्खलाको मनोरम दृश्य हेर्न सकिन्छ ।रासस

# उद्यमी चन्द्र ढकालको अमलाचौरदेखि व्यावसायिक नेतृत्वसम्मको यात्रा



काठमाण्डु । भनिन्छ- बिहानीले दिनको सङ्केत गर्छ । नेपाल प्रज्ञा प्रतिष्ठान नजिकैको घण्टाघरले बिहानको ४:३० बजेको समय सूचक घण्टी बजायो र राजधानीवासीलाई नयाँ बिहानीको सन्देश दियो ।

चराहरु ब्युँझिएर बास बसेको ठाउँबाट चलमलाउन थाले, उड्न थाले । नयाँ दिनका लागि नवीन आशाहरु खोज्दै मानिसहरुले विस्तारै ओछ्यान छाडेर निस्किने तयारी गर्न थाले । कति त बिहानको हिँडाइ (मर्निङ वाक) को बाटो तयगर्ने तरखरमा थिए । यता राजधानी काठमाडौँको कमदलादिस्थित प्रज्ञा प्रतिष्ठनमा भने रातपछिको बिहान हुन पाएको थिएन, रातिदेखिकै रौनक थियो नेपाल उद्योग वाणिज्यम महासंघको निर्वाचनको । बिहानको ४:५० बजे निर्वाचन समितिले घोषणा गर्‍यो- ‘ महासंघको वरिष्ठ उपाध्यक्ष पदमा व्यवसायी चन्दप्रसाद ढकाल विजयी हुनुभएको छ ।

लामो दौडको घोडा जस्तै, अनेकन हण्डर र ठक्कर खाएर सफलताको उचाइमा पुग्नुभएका व्यवसायी ढकालका लागि आजको जीत सफलताको उचाइको अर्को एउटा खुड्किलो बनेर खडा भयो । अनि हरेक बिहानीपख नयाँ आशाहरुको खोजीमा हिँड्ने मानिसजस्तै उहाँको यो बिहानीको जितले पनि नेपालको उद्योग, व्यवसायका क्षेत्रमा नयाँ आशाहरुको सञ्चार गर्नसक्ने आशा जन्मायो ।

त्यसैले यस यात्राले ‘वेटिङ प्रेसिडेण्ड’ अर्थात्, नेपाल उद्योग वाणिज्य महासङ्घको २० औँ अध्यक्षका लागि उहाँको मार्ग प्रशस्त भएको छ, उहाँका लागि । महासंघको विद्यमान विधानअनुसार वरिष्ठ उपाध्यक्ष नै आगामी कार्यकालको अध्यक्ष हुने व्यवस्था छ । सोही व्यवस्थाअनुसार नै हालका अध्यक्ष भवानी राणालाई व्यवसायी शेखर गोल्छाले विस्थापित गर्न लाग्नुभएको छ ।

एउटा सानो पसलबाट उठेर नेपालको व्यावसायिक क्षेत्रमा नाम र दाम कमाउन सक्ने व्यक्तिका रुपमा ढकाल अहिले पनि आम नेपालीका लागिसमेत प्रेरणाको स्रोत बन्नुभएको छ । त्यसैले नेपाली उद्यमशीलताका क्षेत्रमा यो नाम नयाँ होइन । बाग्लुङको अमलाचौरबाट राजधानी छिरेका ढकालले यो हदसम्मको सफलता हात लाग्नसक्ने हुनका लागि उहाँले भोगेका र व्यहोरेको सङ्घर्षका कथा भने त्यति सजिला छैनन्, निकै मर्मस्पर्शी छन् । देशको उद्यमशीलताका क्षेत्रका हरेक व्यक्ति उहाँका सङ्घर्षका कथाहरु पढेकै हुनुपर्छ ।

“प्यानल बनाएर निर्वाचनको मैदानमा उत्रिए पनि परिणाम घोषणासँगै अब प्यानल सकिएको छ । म सबै व्यवसायीको हकहितमा नै काम गर्ने हो”, निर्वाचन समितिले वरिष्ठ उपाध्यक्षमा विजयी भएको घोषणा गरेपछि त्यहाँ उपस्थित सीमित सञ्चारकर्मीमाझ उहाँले भन्नुभयो, “मैले पहिला पनि भनेको थिएँ, हामीहरुको पक्षविपक्ष भनेको चुनावको दिनसम्म मात्र हो, आजदेखि अब महासङ्घको कार्यसमिति एउटै बनेको छ र त्यसले त्यो सम्पूर्ण निजी क्षेत्रको आवाजलाई मुखरितले बनाउने काम गर्ने हो ।” उहाँले आफनो जीत नेपालका सम्पूर्ण व्यवसायीको प्रतिनिधिका रुपमा भएको बताउनुभयो ।

महासङ्घका वरिष्ठ उपाध्यक्षलगायतका पदमा सर्वसम्मति हुन नसकेपछि ढकालले एउटा समूहको प्रतिनिधित्व गर्दै मैदानमा उत्रनुभएको थियो । देशभरका व्यवसायीले उहाँलाई विश्वास मात्रै गरेनन् आगामी कार्यकालका लागि आफनो नेतृत्वका रुपमा चयन गरे ।

कोरोना महामारीका कारण उद्योग व्यवसाय चौपट भएको छ । हजारौँको रोजीरोटी खोसिएको छ । चौतर्फी समस्याका कारण व्यवसायी पलायन हुनुपर्ने अवस्थामा छन् । यस्तो विषम अवस्थामा निजी क्षेत्रलाई आशावादी बनाउने, उनीहरुलाई आर्थिक क्रियाकलापमा अगाडि बढाउन प्रेरित गर्ने क्षमता सीमित मानिसमा मात्रै हुन्छ । त्यही सिमित मानिसमध्येका एक हुनुहुन्छ ढकाल । उहाँको आफ्नै सङ्घर्षले पनि सुखमा नमात्तिने र दुःखमा नआत्तिन सिकाएको छ । धैर्यता नै सफलताको सूत्र हो भन्ने प्रेरणा उहाँबाट सिक्न सकिन्छ ।

सरकारले अगाडि सारेको आर्थिक समृद्धिको सङ्कल्पलाई समेत कोरोनाले छोपिदिएको छ । यस्तो बेला राज्यका तीनवटा आर्थिक खम्बामध्येको एक निजी क्षेत्रले पाएको नेतृत्वसमेत आफैँमा सबल छ । महासङ्घका अध्यक्ष हुन लागेका शेखर गोल्छा र दोस्रो वरियताका ढकाल नेपालको उद्योग व्यवसाय क्षेत्रका चिनिएका नाम हुन् । त्यसैले स्वदेशी पूँजीको विस्तार र मुलुकमा उद्यमशीलताको विकासका लागि अहिलेको सङ्कटले यही सबल नेतृत्व रोज्यो भन्न सकिन्छ ।

ढकालको उद्यमशीलताको यात्रा धेरै पुरानो छैन, करिब साढे दुई दशकको मात्र हो । छोटो समयमा देशको उद्यम, व्यवसायमा प्राप्त भएको यो सफलताको रहस्य के हो ? उहाँको विगत जान्नेहरुले नै र पछिल्ला केही वर्षहरुमा देशका सञ्चारमाध्यमहरुले सोध्ने प्रश्न हो यो । उहाँको सदैव स्वाभाविक उत्तर रहने गर्छ- लगाव, इमान्दारिता र परिश्रम । ढकाल स्वीकार्नुहुन्छ- मेरो सफलताको सबैभन्दा दरिलो टेको भनेको लगाव र परिश्रम नै हो ।

अहिले उहाँ आइएमई समूह, ग्लोबल आइएमई बैंक, चन्द्रागिरि हिल्स लिमिटेडलगायतका नेपालमा परिचित कैयौँ यस्तै अरु व्यवसायको अध्यक्ष हुनुहुन्छ । अरु सामाजिक सङ्घसंस्थाको संलग्नता त छँदैछ । नेपालमा बैंक तथा वित्तीय, सेवालगायत जलविद्युत्का क्षेत्रमा पनि उहाँहरुको ओझपूर्ण उपस्थिति रहेको छ ।

नेपालको व्यवसायमा बहुआयामिक क्षेत्र समेट्दै अघि बढेका उहाँ सबैलाई परिश्रम नै गर्न सिकाउनुहुन्छ । भन्नुहुन्छ- संसारको अरु भूगोलका तुलनामा हाम्रो माटो धेरै बढी मलिलो छ । यहाँ जे रोपे पनि सुन फल्छ, तर यसले मेहनेतको अपेक्षा भने गर्छ । मत भन्छु, हामी आफैँ माटो रोपेर सुन फलाउन सक्छौँ, अन्त कतै भौँतारिनु पर्दैन । हो, यस्तै सफलता र मेहनतले ढकाल अब एक उद्यमी मात्र होइन कि निजी क्षेत्रलाई उद्यममैत्री नीति निर्माणका लागि देशको समग्र निजी क्षेत्रको प्रतिनिधित्व गर्ने साझा र छाता संस्थाको नेतृत्वमा पुग्नुभएको छ । “आफूले यस देशमा एउटा सानो पसलदेखि ठूला कर्पोरेट हाउसम्मको नेतृत्व गरेकाले देशका सानादेखि मझौला हुँदै ठूला व्यवसायका समस्या र आवश्यकताको बारेमा म अरुभन्दा बढी नै जानकार छु जस्तो लाग्छ अब मैले यीनै समस्याहरुको पैरवी गर्ने हो, मुलुकको समृद्धिको लागि राज्य र निजी क्षेत्रको सहकार्यलाई बढावा दिने हो- आइतबार बिहान संक्षिप्त प्रतिक्रिया दिनुभयो ।”

नेपालको क्रुर राणा शासनको अन्त्यपछि स्थापना भएको प्रजातन्त्रको सुनौलो घाममा वाणिक मण्डलको नाममा आजको महासङ्घको भ्रुण पैदा भएको थियो । विसं २००८/०९ तिर स्थापना भएको अखिल नेपाल व्यापार सङ्घले पनि व्यापारीको हितका लागि काम गरेको थियो ।

यस्तै २००९ सालमा नेपाल चेम्बर अफ कमर्श स्थापना भयो भने महासङ्घको तदर्थ समितिका रुपमा २०२२ सालमा लोकनाथ जोशीले नेतृत्व गरेर महासङ्घ स्थापना भएको व्यवसायीहरुको भनाइ छ । जोशी संयोजक भएकाले महासङ्घको अध्यक्षको जिम्मेवारी भने जुद्धबहादुर श्रेष्ठबाट गणना हुने गरेको छ ।

हालसम्म निजी क्षेत्रको यस छाता सङ्गठनमा १८ जनाले नेतृत्व गरिसक्नुभएको छ । महासंघको अध्यक्षबाट विदाई हुन लाग्नुभएका भवानी राणा यो संस्थाको नेतृत्व गर्ने पहिलो महिला हुनुभयो । वरिष्ठ उपाध्यक्षको हैसियतले १९औँ नेतृत्वका रुपमा शेखर गोल्छा खडा हुनुभएको छ । आजको मत परिणामपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेका ढकालले महासङ्घको २०औँ अध्यक्षका रुपमा आफ्नो जिम्मेवारी सम्हाल्नुहुनेछ ।

निर्वाचन प्रचारका क्रममा उहाँ र उहाँको समूहले सार्वजनिक गरेको ‘एफएनसिसिआई भिजन, २०२५’ आफैँमा नेपालको आर्थिक समृद्धि र विकासका लागिसमेत रणनीतिपत्र जस्तै रहेको छ । कोरोना महामारीका कारण समस्यामा परेको व्यवसायलाई कसरी अगाडि बढाउनेदेखि सरकारसँग मिलेर के कस्ता काम कसरी गर्ने भन्ने बारेमा समेत उक्त भिजनले स्पष्ट खाका कोरेको छ ।

नेपालमा उद्योगमैत्री वातावरणको निर्माण, व्यवसायीका हकहितका विषयवस्तु, नीति निर्माणमा गरिने पैरवी, हालको कोभिड महामारीका कारण नेपालको उद्योग व्यवसाय क्षेत्रले भाग्नुपरेका समस्या र त्यसको समाधान, नेपालमा उद्यमशीलताको विकास तथा विस्तारको वातावरण निर्माण, नेपालमा वैदेशिक लगानी भित्र्याउन गर्नुपर्ने कामलाई २५ बुँदामा समेटिएको छ । शनिबारसम्म ती प्रतिद्धता थिए । आजदेखि ती प्रतिबद्धतालाई कार्यान्वयन गर्ने जिम्मेवारीसमेत ढकालको काँधमा आएको छ ।

केही समयअघि ढकालले भन्नुभएको थियो “मानिसलाई कतिपय अवस्थामा नसोचिएको सफलता पनि हात लाग्छ अथवा केही नसोचिएका कुराहरु पनि हुन सक्छन् । तर पनि ती सबै नराम्रा पनि त हुँदैनन् ! जे हुन्छ राम्रै हुन्छ ।” तर उहाँको अहिलेको यो सफलता भन्दा वास्तविक पारिवारिक जीवन निकै पर थियो । तर आज बिहान भने त्यो सबै स्मरण गर्ने फुर्सद उहाँसँग थिएन ।

उहाँले एउटा बालकका रुपमा आफ्नो बुवाको माया र सुखद् भविष्यको सपना चाहिँ देख्न नसकेको घटनालाई भने जस्तै हतारमा पनि भुल्नुहुन्न । बुबाले छोडेर गएपछि सोह्र वर्षको एक किशोरको काँधमा आइलागेको परिवारकोजिम्मेवारीलेपनिउहाँलाई भविष्यप्रति बढी जिम्मेवार हुन सिकाएको होला ।

भन्नुहुन्छ- त्यो उमेरमा मेरा आँखा अगाडि एउटैमात्र सपना आएको हो- “जस्तोसुकै मूल्यमा पनि अब आमा र भाई बहिनीलाई दुःखबाट टाढा राख्नुपर्छ, जीवनमा केही गर्नुपर्छ ।” तर उपाय के होला ? त्यो बाल मष्तिष्कले सोच्न सक्ने कुरा पनि भएन । तर पनि त्यो आत्मबल र परिश्रमले त्यो सपना आज साकार भएको उहाँ ठान्नुहुन्छ ।

सरकारले सन् २००१ मा रोजगारीका लागि मलेसिया खुला गर्‍यो । धेरै नेपाली गए । त्यसबेला नेपालमा पैसा भित्रिने कुनै कानुनी प्रावधान थिएन । नेपाल राष्ट्र बैंक पनि अनौपचारिक माध्यमबाट रकम आउने क्रम बढेसँगै चिन्तामा थियो ।

“यही समस्याको हलका लागि हामीले हाम्रो अनुभवलाई टेकेर ‘इन्टरनेशनल मनी एक्सप्रेश’ (आइएमई) खोल्ने प्रस्ताव राष्ट्र बैंकसँग गर्‍यौँ, जुन सफल पनि भयो । त्यही आइएमई अहिले नेपालको ‘मनी ट्रान्सफर’ को पर्यायबाची हो भन्दा फरक पर्दैन । अहिले मानिस पैसा पठाउन कुनै बैंकमा या अन्य मनी ट्रान्सफर कम्पनीमा पुगेका भए पनि ‘आइएमई गरिदिनुस्’ भन्ने गरेको सुनिन्छ, सफलता भनेका यस्तै यस्तै काम त होलान्, जे होस यो पनि मुलुकका लागि केही गर्‍यौँ भन्ने मेरो आफ्नो अनुभव छ ।”

आइएमई स्थापना गर्दा हामी यो अवस्थामा पुग्छौँ भन्ने चाहीँ लागेको थिएन, उहाँको अनुभव छ । शुरुआती दिनहरुमा हामीले आइएमई खोलेका छौँ, तपाइहरुको रकम सुरक्षित रुपमा घरपरिवारसम्म पुऱ्याइदिन्छौँ भन्दा मानिसहरु पत्याउन पनि तयार भएनन् । तर हाम्रो इमान्दारिताले विस्तारै हामीलाई यहाँसम्म ल्यायो । हाल आइएमई नेपालको विप्रेषण क्षेत्रको पर्याय मात्र होइन नेपालको व्यावसायिक क्षेत्रको एक उदीयमान ग्रुप पनि हो । आर्थिक वर्ष २०७६/ ७७ मा नेपाल भित्रिएको झण्डै रु नौ खर्ब विप्रेषण मध्येको ठूलो हिस्सा आइएमईमार्फत् नै आएको उहाँले स्मरण गर्नुभयो ।

रेमिट्यान्स, बैंक तथा वित्तीय संस्था, इन्स्युरेन्स, अटोमोबाइल, ऊर्जा, पर्यटन, विद्युतीय भुक्तानी, ट्राभल, सूचना-प्रविधि, केबलकार र हस्पिट्यालिटीलगायत विभिन्न व्यावसायिक क्षेत्रमा लगानी विस्तार गर्दै आइरहेको छ । यी सबैको जगको ढुङ्गा आइएमई नै हो भन्नुहुन्छ उहाँ ।

ढकाल दाजुभाइको सिर्जनामा स्थापित चन्द्रागिरि केबलकार छोटो समयमै राष्ट्रिय सम्पत्ति बनेको छ । विसं २०७३ बाट सञ्चालनमा आएको चन्द्रागिरि केबलकार नेपाल भ्रमणमा आएका राष्ट्रप्रमुख तथा सरकार प्रमुखलाई रिट्रिट गराउनेदेखि लिएर महत्वपूर्ण कार्यक्रम नै सञ्चालन गर्ने एउटा उत्तम विकल्प बनेको छ । यही मङ्सिर १७ गतेदेखि सोही कम्पनीले नेपाली नागरिकलाई समेत शेयरधनी बनाउन लागेको छ ।

वास्तविक क्षेत्रलाई समेत शेयर बजारमा ल्याउने लक्ष्यका साथ सरकारले अगाडि बढाएको नीतिअनुसार नै चन्द्रागिरि हिल्स लिमिटेडले साधारण शेयर बिक्री गर्न लागेको हो । कम्पनीले सर्वसाधारण र स्थानीयवासीलाई गरी कूल १८ लाख ४० हजार ९१० कित्ता सेयर बिक्री गर्नेछ । नेपाल धितोपत्र बोर्डबाट कम्पनीले रु १८ करोड ४० लाख बराबरको साधारण शेयर बिक्रीका लागि अनुमति पाएको छ ।

चन्द्रागिरि आयोजना नेपालमा नाकाबन्दी र भूकम्पले जर्जर पारेको अवस्थामा पनि समयमै सम्पन्न भएको थियो । नेपालको त्यस समयको अर्थतन्त्रको मनोबल उकास्ने काम गरेको थियो । हुन पनि भूकम्प र नाकाबन्दीका कारण नेपाली अर्थतन्त्र थरथर काँपेको बेला राजधानीमै यो केबलकारका खम्बा चन्द्रागिरिको चुचुरोमा ठडिएसँगै यहाँको उद्योग क्षेत्रले पनि आफू तङ्ग्रिन लागेको महसुस गराएको थिको थियो । यसले नेपालको आर्थिक क्षेत्रको मनोबल बढाएको थियो । हाल त्यहाँ रिसोर्टदेखि विभिन्न एकीकृत पर्यटकीय संरचनाहरु बनेका छन् । व्यवसायमा इमान्दारिताको ठूलो महत्व छ । इमानविना व्यवसाय टिक्दैन, सफल हुँदैन । रासस


नेपाल सरकार

संँस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

जनकपुरधाम

**दरभाउपत्र/बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७।०८।१२

मिति २०७७।०७।०६ गते प्रथम पटक प्रकाशित सिलबन्दी दरभाउपत्र/बोलपत्र सम्बन्धी सार्वजनिक सूचना अनुसार क्रमशः मिति २०७७।०७।२१ र २०७७।०८।०८ गते रितपूर्वक दर्ता हुन आएको मध्ये न्यूनतम मूल्याँकित सारभुत रुपमा प्रभावग्राही देहाय बमोजिमको दरभाउपत्र/बोलपत्र निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठे.नं. र कार्यको विवरण | दरभाउपत्रदाता एवं दरभाउपत्र/बोलपत्रदाताको नाम | कबोल अंक मु.अ.क. वाहेक | % ले घटी |
|---|---|---|---|---|
| १ | ठे.नं.1/5/GJADC/077/078 डिहिवार बाबा जिर्णोद्धार कार्य जनकपुरधाम -१९ | महालक्ष्मी कन्स्ट्रक्सन, मलंगवा सर्लाही | रु.४,४१,९५८।६१ | -४८.३३% घटी |
| २ | ठे.नं.2/6/GJADC/077/078 ओझानी पोखरीघाट निर्माण कार्य, जनकपुरधाम -१२ | रुपा कन्स्ट्रक्सन, जनकपुरधाम -१५ | रु.४,३५,५३६।६४ | -४९.०२% घटी |
| ३ | ठे.नं.3/7/GJADC/077/078 राजदेवी मन्दिर जिर्णोद्धार तथा सौन्दर्यीकरण कार्य, जनकपुरधाम | ग्रिन नेपाल कन्स्ट्रक्सन एण्ड ईन्जिनियरिङ्ग प्रा.लि. जनकपुरधाम -१० | रु.२५,४८,२८२।०० | -०.०८% घटी |
| ४ | ठे.नं.4/8/GJADC/077/078 पंचकोशी परिक्रमा (९ कि.मि.) विश्रामस्थल तथा खानेपानी कार्य जनकपुरधाम | रुपा कन्स्ट्रक्सन, जनकपुरधाम -१५ | रु.२५,६४,६८५।०९ | -०.०८% घटी |

प्रशासकिय अधिकृत



जनकपुरधाम उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जनकपुरधाम, धनुषा

प्रदेश नं. २, धनुषा

**सेवा करारमा पदपूर्ति गर्ने सम्वन्धि सुचना**

(प्रथम पटक प्रकसित मिति २०७७/०८/१५)

प्रस्तुत विषयमा यस जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पदपूर्तिको गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उमेदवारहरुवाट दरखास्त आवहान गरिएको छ ।

तपसलि

| क्र.सं. | विज्ञावन नं. | पद, सेवा, समुह | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०१/०७७/७८ | उद्यम विकास सहजकर्ता | २ | रु. ५० | |

**आवश्यक न्युनत्तम योग्उता र अनुभव**:

१. **शैक्षिक योग्यता** :

१.१ **उद्यम विकास सहजकर्ताको लागि** :

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) वाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

२. **कार्य अनुभव** :

उद्यम विकास सहजकर्ताको लागि लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने ।

३. **उमेर** : कम्तीमा १८ वर्षपुरा पुरा भई ४५ वर्ष ननाघेको ।

४. **दरखास्त दिने स्थान** : जनकपुरधाम उपमहानगरपालिकाको कार्यालय, जनकपुरधाम, धनुषा ।

५. **दरखास्त दिने अन्तिम मिति** : २०७७/०८/२९ गते कार्यालय समयभित्र ।

६. **दरखास्त फाराम पाईने स्थान** : जनकपुरधाम उपमहानगरपालिकाको वेबसाईड वा जनकपुरधाम उपमहानगरपालिकाको कार्यालयवाट प्राप्त गर्न सकिने ।

७. **छनौटको किसिम** : प्रारम्भिक योग्याता क्रमको सुचि प्रकाशन र अन्तरवार्ता ।

८. **आवेदन तथा संलग्न कागजातहरु** : आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु :

क. नागरिकताको प्रमाणित प्रतिलिपि

ख. न्युनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि

ग. चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

घ. अनुभव खुल्ने कागजात

ङ. २ प्रति पासपोर्ट साईजको फोटो

९. **सेवा सुविधा** : उपमहानगरपालिकाको निर्णय बमोजिम

**नोट**: महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विपन्न वर्ग लाई विशेष ग्राहयता दिने छ ।

**सम्पर्क नं.** ९८५४०५६१११

प्रमुख प्रशासकिय अधिकृत

# भटियाहीमा विद्यालय भवनको शिलान्यास र साइकल वितरण




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको हसंपुर नगरपालिका वडा नं. ८ भटियाहीस्थित श्री मिथिला तिलक नन्द कुमारी कार्की मा.वि.को भवन र कम्पाउण्डवालको शिलान्यास र साईकल वितरण कार्यक्रम सम्पन्न भएको छ।

विद्यालयमा आईतबार आयोजित एक समारोहका बीच हंसपुर नगरपालिकाका मेयर रामज्ञान मंडल र उपमेयर रेणु झाले संयुक्त रुपमा भवनको शिलान्यास गरेका छन्।

विद्यालयमा ८ कोठे भवन निर्माण हुन लागेको छ। १ करोड ९८ लाख रुपैयाँको लागतमा नयाँ भवण र ३० लाख रुपैयाको लगानीमा कम्पाउण्डवाल निर्माण हुन लागेको हंसपुर नगरपालिकाका मेयर रामज्ञान मंडलले बताए।

हंसपुर नगरपालिकाले गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको बजेटमध्ये सबै भन्दा बढि बजेट शिक्षा क्षेत्रकै बिकासमा लगाएको मेयर मंडलले जानकारी दिए। समाज र देश विकासको लागि सबै भन्दा मुख्य कुरा उचित शिक्षा र शिक्षित जनशक्ति रहेकोले आफुले सबै भन्दा पहिलो प्राथमिकता शिक्षाको स्तरोन्तरी गर्ने प्रयास गरेको मेयर मंडलले उल्लेख गरे।

त्यस्तै, कार्यक्रममा कक्षा ८ मा अध्ययनरत्त ७० जना छात्रालाई साईकल वितरण गरिएको छ। हंसपुर नगरपालिकका छात्राहरुलाई विद्यालय आउन थप सहज होस भन्ने दृष्टिकोणले छात्राहरुलाई साईकल वितरण गरिएको मेयर मंडलले बताए। हंसपुर नगरपालिकाको हरेक घर शिक्षित घर होस भन्ने आफ्नो सपना रहेको मेयर मंडलले बताए। सो अवसरमा जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष पशुपति यादव, जसपाका जिल्ला नेता प्रमोद यादव लगायतको उपस्थिति रहेको थियो।

# इज्जतकोलागि अमृताको हत्या बुवाआमासहित ७ पक्राउ

**राकेश यादव**

गौर । रौतहटको माधव नारायण नगरपालिका वड़ा नम्बर ७ मा आफ्नै छोरीको हत्या गरेको अभियोगमा बुवाआमासहित सात जना पक्राउ परेका छन्।

१७ वर्षीया अमृता साहको गत कार्तिक २६ गते सुतिरहेको अवस्थामा कन्चटमा गोली प्रहार गरी हत्या गरिएको थियो। हत्यामा संलग्न भएको आरोपमा बुवा राम अयोध्या साह, आमा सीता देवी र भिनाजु लक्ष्मण साहसहित सात जनालाई पक्राउ गरी सार्वजनिक गरिएको प्रहरी उपरीक्षक सिद्धि विक्रम शाहले जनाए। जिल्ला प्रहरी कार्यालय रौतहटले आइतबार पत्रकार सम्मेलनको आयोजना गरेर सबैजनालाई सार्वजनिक गरेको हो।

घटना पश्चात् गरिएको त्रिकोणात्मक अनुसन्धानबाट हत्यामा बुवाको महत्वपूर्ण भूमिका पाइएको खुलेको जनाएको छ। अनुसन्धानको क्रममा इज्जत जोगाउनको लागि छोरीको हत्या गराएको रहस्य खुलेको प्रहरी उपरीक्षक शाहले बताए।

पहिलो पटक परोहा नगरपालिका वड़ा नम्बर ४ बस्ने छोटेलाल साहलाई १ लाख ५० हजारमा छोरी अमृता साहको हत्या गराउन सुपारी दिएको थियो।

उपचारको बहना बनाएर भारत लगी



हत्या गर्ने योजना असफल भए पछि दोस्रो पटक बुवा र भिनाजु लक्ष्मण साहले स्थानीय देवाही गोनाही नगरपालिका वड़ा नम्बर २ लक्ष्मीनिया करुनिया बस्ने कैमल देवानलाइ १ लाखमा सुपारी दिएर हत्या गराएको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरी उपरीक्षक शाहले दावी गरे।

अमृता साहको प्रेमी सोसिन्द्र प्रसाद भगतसित विवाह गर्ने डरले बुवाले हत्याको योजना बनाएका थिए। आमालाई सहयोग गर्न बुवाले धम्की दिएर घटना गराएको छ, प्रहरी उपरीक्षक शाहले भने पहिलाको लोग्ने रुपेश साहसित सम्वन्ध विच्छेद भएको थियो। अमृताको लोग्ने माथि आक्रमण गरेको आरोपमा प्रेमी सोसिन्द्र भगत माथि ज्यान मार्ने उद्योग मुद्दा जिल्ला प्रहरी कार्यालयमा समेत दर्ता रहेको छ।

२०७६ सालमा सर्लाहीको विष्णु गाउँपालिका ३ बस्ने रुपेश संग विबाह भएको मृतक अमृताको २०७६ फागुन महिनामा सम्वन्ध विच्छेद भईसके पछि माइतीमा बस्दै आएकी र सोसिन्द्र भगत सितको प्रेम सम्वन्ध स्वीकार्य नभएपछि बुवाले रकम दिएर छोरीको हत्या गराएको हो।

हत्याको आरोपमा बुवा, आमा, भिनाजुसहित देवाही गोनाही नगरपालिका २ करुनिया बस्ने वर्ष ६० को शेख अलियास, ४० वर्षको बहुदल भनिने इश्लाम अंसारी, ३६ वर्षीय शेख इम्ताज, गोली हान्ने सुटर कैमल देवानलाई सार्वजनिक गरेको छ।

पक्राउ परेका विरुद्ध कर्तव्य ज्यान सम्वन्धी कसूरमा रौतहट जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडी बढाएको प्रहरी उपरीक्षक साहले बताए। उनले अनुसन्धानको क्रममा अपराध स्वीकार्य गरी सकेको बताए। जिल्लाको शांति सुरक्षामा थप चुनौती बढेको बताउँदै हत्याको घटनामा समेत बृद्धि भएको जनाए।

गएको आर्थिक वर्षमा कार्तिक महिनामा ३ जनाको हत्या भएको थियो भने यस वर्षको कार्तिक महिनामा ५ जनाको हत्या भएकोले सुरक्षा चुनौती थपिएको जनाए। गत वर्षमा २३६ वटा मुद्दा दर्ता भएको थियो भने यस वर्ष १६३ वटा मुद्दा दर्ता भएको प्रहरीको तथ्यांक रहेको छ।

# भुतमेला आज

**मुकेश कुमार यादव**

लहान । कोरोनाको कहरमा पनि सिरहा र धनुषा जिल्ला बिच कमला नदीको किनारमा अनौठो तथा भव्य भुत मेला लागेका छन्। धामी झाक्री बन्ने विश्वासका साथ उनीहरु देउता खैल्दै कमला नदीमा स्नान गरेपछि कमलेस्वरी देबीले तान्त्रिक विद्याको बर दिने पाको पानी आ-आफ्नो घर लैजाने गर्छन्। मुल धामीले मन्त्र सिद्धि गरिदिएपछि धामी बन्ने प्रक्रिया पूरा हुन्छ। तन्त्रशास्त्रका अनुसार तन्त्र सिद्धिको लागि यस दिन पूर्णाहुती दिने चलन छ। मिथिलामा सदियौदेखि तन्त्र विधामा सर्वसाधारणको विश्वास रहेको छ।

स्नानको समयमा मूल धामीहरुले लोक भाकामा गीत



समेत गाउने गर्छन्। जसलाई स्थानीय भाषामा 'महराई' भन्ने गरिएको छ। आफनो गाउँमा धामीहरुलाई डोऱ्याएर कमला र गंगासागर स्नान गर्न ल्याएका सिरहाका धामी रामप्रसाद यादव शरिरमा देउता चढ्नेहरुलाई यहाँ ल्याउने गरिएको बताउछ। मुख्यतः ग्रामीण भेगका विषेश गरेर गरिब ,दलित अशिक्षितका कारण टुनामुनामा विश्वास गर्ने महिला पुरुषहरुको संख्या ठूलो रहेको छ।

हुने जनविश्वास छ।

पुर्णिमाको दिन कमला नदीमा स्नान गरेपछि तान्त्रीक विद्या सिद्ध हुने जनविश्वासका साथ आज मेला लागेको हो।

मेलाको अवसरमा सिरहा, धनुषा, महोत्तरी, सप्तरी र भरत लगायत जिल्लाका लाखौ मानिस सिरहा र धनुषा स्थित कमला नदीमा स्नान गरेका छन्।

भूत मेलामा स्नान गरेपछि घर आउने बेलामा भक्तजनहरूले कमला नदी र गंगासागरको शुद्ध

# धनुषाको सिडियो बास्तोला




**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा जिल्लाको नयाँ सिडियोमा बन्धु बास्तोला आएका छन्। उनी आइतवारवाट आफ्ना कार्यभार सम्हाल्ने जनाइएको छ।

उनी प्रशासनीक क्षेत्रमा अनुभवी र दखल भएका कुशल प्रशासकको रुपमा परिचित छन्। सिडियो बास्तोला शान्ति सुरक्षाका साथै विकास निर्माणमा पनि विशेष चासो राख्ने गरेका छन्।

धनुषा जिल्ला राजनीतिक हस्तक्षेप हुने जिल्लाहरु मध्यये अग्रस्थानमा मानिन्छ। साना तिना विषयमा पनि राजनीतिक हस्तक्षेप हुने र दवाव बनाइने गर्दा निर्दोष व्यक्तिहरु पनि पीडित हुने गरेको विगतमा देखिएको छ।

नयाँ सिडियोले आफ्ना अनुभव र विवेकले कार्य गर्ने विश्वास धनुषाबासीले लिएको छ।

# १२ लाख मुल्य बराबरको अलैची बरामद



**टुडे समाचारदाता**

बारा। प्रहरी चौकी पथलैया बाराबाट खटिएको प्रहरी टोलीले १२ लाख मुल्य बराबरको अलैची पक्राउँ गरेको छ।

जितपुर सिमरा उपमहानगरपालिका वडा नं. १ पथलैया चोक स्थित सड्कमा सवारी साधन चेकजाँच गर्ने क्रममा नारायणगढबाट काकडभिटाको लागि छुटेको बसको छतमाथी राखिएको अलैची पक्राउँ गरेको हो।

२६ वटा बोरामा रहेको ६ सय किलो अलैचीको कागज पत्र नभएकाले पक्राउँ गरिएको जिल्ला प्रहरी कार्याल बाराले जनाएको छ। बरामद अवैध अलैची नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइए बारा प्रहरी प्रबक्ता डि.एस.पी गौतम मिश्रले जानकारी दिनुभयो।

# हुलाकी सडकको काम सुरु नभए जनप्रतिनिधिहरु आन्दोलनमा उत्रिने

**अजमल मिकरानी**

मलगंवा। जनप्रतिनिधिहरुले लामो समयदेखि अलपत्र अवस्थामा रहेको तराईका जिल्लाहरुलाई जोड्ने सर्लाहीको पूर्व-पश्चिम हुलाकी सडकको निर्माण कार्य एक हप्ताभित्र सुरु नभए आन्दोलनमा उत्रिने निर्णय गरेका छन्।

सदरमुकाम मलंगवामा बसेको सर्वपक्षीय बैठकले संघीय सरकारबाट मंसिर २० गतेसम्म सडकको निर्माण कार्य अघि बढाउन पहल नभए मंसिर २१ गतेदेखि आन्दोलनमा उत्रिने निर्णय गरेको जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीले जानकारी दिए।

बैठकमा अहिलेका ठेकेदारमार्फत सडक निर्माणको काम पूरा हुन नसक्ने भन्दै नयाँ ठेकेदारमार्फत काम अघि बढाउन पनि माग गरेको छ। सदरमुकाम मलंगवादेखि पूर्वतर्फ संग्रामपुरसम्म, मलंगवादेखि पश्चिम रोहुवासम्म र रोहुवादेखि बलरासम्म



तीन खण्डमा गरी सडकको ठेक्का लागेपनि ठेकेदारले केही समय अघि माटो भर्ने काम बाहेक अन्य काम अघि बढाएका छैनन्। माटो भरेको ठाउँमा अहिले पुरै बिग्रिसकेको छ। सडकभरी खाल्डाखुल्डी परेका छन्।

हुलाकी सडक छेउछाउका बासिन्दाहरुको जनजीवन अत्यन्त कष्टकर रहेको स्थानीयबासीहरुले गुनासो गर्दै आएका छन्। बैठकमा सर्लाहीको निर्वाचन क्षेत्र न. २ र ४ का संघीय सांसदहरु महेन्द्र राय यादव र डा. अमरेश कुमार सिंह, प्रदेश सभा सांसदहरु अशोक कुमार यादव, उपेन्द्र महतो, गौरीनारायण साह, हुलाकी सडक अन्तर्गत पर्ने विभिन्न पालिकाका प्रमुख,राजनीतिक दलका नेता, सुरक्षा अधिकारी, हुलाकी सडक हेर्ने चन्द्रनिगाहपुर र जनकपुरका प्रमुख, ठेकेदारका प्रतिनिधि, नागरिक समाज लगायतकाहरुको सहभागीता रहेको थियो।

सोही बैठकमा नेपाल-भारत सीमा नाका खुलाउन निरन्तर पहल तथा संघर्ष गरिरहने निर्णय समेत भएको जनाइएको छ।

# रामजानकी सामुदायिक भवनको उद्धाटन

**टुडे समाचारदाता**

मलगंवा। सर्लाही निर्वाचन क्षेत्र न.१ बाट निर्वाचित तथा संघीय सांसद प्रमोद साहले आफ्नो निर्वाचन क्षेत्र लालबन्दी नगरपालिका वडा न-११, हीरापुरमा बनाइएको रामजानकी सामुदायिक भवनको उद्धाटन गरेका छन्।

स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम मार्फत १५ लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भइ उद्धाटन गरिएको उक्त नवनिर्मित सामुदायिक भवन सांसद साहको क्षेत्र विकास कोषको रकमबाट निर्माण गरिएको हो।

भवन निर्माण समितिका अध्यक्ष योगेन्द्र महतोको अध्यक्षता तथा प्रदेश सभा सदस्य सन्चमाया मोक्तान, लालबन्दी नगरपालिका वडा न. ११ का वडाध्यक्ष दीपक कुमार लामा लगायतको आतिथ्यतामा आयोजना गरिएको कार्यक्रमका बीच सांसद साहले भवनको विधिवत उद्धाटन गर्नु भएको भवन निर्माण समितिले जनाएको छ। भवनमा सोलार जडान, ईनार निर्माण लगायतका काम समेत गरिएको छ।



पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।
समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाक संवेदनशीलतालाई ध्यान दिऔं ॥
पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ॥

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकुल हुने वा त्रास उत्पन्न गर्न किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

जनकपुर टुडे मिडिया ग्रुपको अपिल

सकेसम्म छुट्टै कोठामा बस्ने, कम्तीमा दुई मिटरको दूरी कायम गर्ने,
उपचारका लागिबाहेक अन्य समयमा घरबाट बाहिर ननिस्कने,
स्वास्थ्य संस्थामा जानु परे सार्वजनिक यातायात प्रयोग नगर्ने,
आफूले खाना खाने भाडा, मञ्जन, ब्रस, काइयो, लुगा, रूमाल, तौलिया, तन्दा अरूसंग नसाट्ने, प्रयोग गरिसकेपछि सामान आफै धुने वा माइने,
साबुन पानीले मिचिमिची २० सेकेन्ड हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने,
खोक्दा वा हाच्छु गर्दा कुइनो, पेपर वा टिस्युले मुख छोप्ने,
प्रयोग गरेको टिस्यु, रूमाल वा मास्क फोहोर ठाउँमा फाल्ने र त्यस लगत्तै हात धुने,
प्रयोग गरेको तन्दालाई साबुन पानीले धुने र राम्ररी घाममा सुकाएर मात्र प्रयोग गर्ने,
छुट्टै शौचालयको प्रयोग गर्ने,
जथाभावी नथुक्ने,
मन्त्रालयको निर्देशन पूर्ण रूपमा पालना गर्ने, र
हरेक दिन शरीरको तापक्रम ताप्ने र मिति अनुसार टिपेर राख्ने
जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com